सिन्धुली जिल्लाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

२०७७




# Disaster Preparedness and Response Plan, 2077
# Sindhuli

प्रकाशक

जिल्ला विपद व्यवस्थापन समिति

सिन्धुली

सहयोगी

नेपाल रेडक्रस सोसाइटी

सिन्धुली जिल्ला शाखा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२७६
कार्यालय : ५२०६७०
फ्याक्स : ५२०१३३

# मन्तव्य

देश अहिले लकडाउनमा छ । कोरोना भाइरसका कारण विश्वले नै मानवीय, आर्थिक, सामाजिक लगायतका क्षति बेहोरिरहेको अवस्थामा निकै प्रयासका बावजुद पनि नेपाल टाढा रहन सकेन । कोरोना बिरुद्धको लडाइँ एक मात्र लक्ष्य राखेर नेपाल मात्र होइन, विश्व नै अहिले आफूसँग भएको सम्पूर्ण स्रोतसाधन तथा संयन्त्र परिचालन गरी जोखिम न्यूनिकरणको प्रयासमा जुटिरहेको छ । सिन्धुली जिल्लाले पनि सबै किसिमका नियमित तथा विकासका गतिविधि र सामाजिक समस्यालाई गौण राखेर कोरोनाको नियन्त्रण तथा यसबाट हुन सक्ने क्षतिको न्यूनिकरणका गतिविधिहरुलाई प्राथमिकतामा राखेको छ। समुदायको सचेतीकरण तथा उपचारको उचित प्रवन्ध गरी क्षतिको न्यूनिकरण गर्नु नै अहिलेको आवश्यकता हो ।

कोरोना महामारी जस्तै आकस्मिक रुपमा व्यहोर्नुपरेको फरक खालको विपद्लाई सम्बोधन गर्ने हामीसँग कुनै किसिमको योजना थिएन । विगतका अनुभवको आधारमा पूर्व आंकलन गरी तयार पारिएको नियमित पूर्वतयारी तथा प्रतिकार्यका योजनाले यस प्रकारका महामारीको सम्बोधन गर्न सम्भव थिएन । स्वास्थ्य क्लष्टरमा द्रुत प्रतिकार्यका लागि RRT को व्यवस्था गरिएको भए पनि परिचालनको अनुभव थिएन । योजनाको कार्यान्वयनमा आउने कठिनाइ, समस्या समाधानका लागि गरिएका प्रयास तथा अनुभवको आधारमा योजनालाई समयानुकूल परिमार्जन गर्नु आवश्यक थियो ।

वर्षेनी घटिरहने तथा घट्न सक्ने प्राकृतिक एवम् मानवीय विपद् र कोरोना भाइरसजस्तै विश्वव्यापी महामारी लगायतका विपद्को व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य र पूनःस्थापना कार्यलाई व्यवस्थित बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ को आधारमा योजनाको कार्यान्वयनको चरणमा भएका कमीकमजोरीहरुलाई सुधार गर्दै गरिएका प्रयास तथा अनुभवलाई दस्तावेजमा समावेश साथै योजनाहरुको आवश्यक परिमार्जन समेत गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ अध्यावधिक गरिएको छ । वि.सं. २०६८ सालदेखि निरन्तर रुपमा प्रकाशन हुँदै आएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा यस वर्ष एकै समूहमा बसेर समूहगत छलफल गर्न नसकिए पनि विषयगत क्षेत्रका छलफलहरुलाई बन्दाबन्दीको पूर्ण पालना गर्दै प्रविधिको प्रयोग मार्फत छलफल गरी योजनाहरुलाई अध्यावधिक गरिएको छ ।

सिन्धुली जिल्ला प्राकृतिक प्रकोपको दृष्टिकोणबाट निकै जोखिमपूर्ण जिल्लाको रुपमा पर्दछ। बाढी, पहिरो, चटयाङ, आगलागीजस्ता विपद्का घटनाहरुबाट वर्षेनी जनधनको क्षति भइरहेको छ। विपद्बाट हुने क्षति न्यूनिकरण गर्न पूर्वतयारी तथा प्रतिकार्यका सबै चरणमा स्थानीय तहको सक्रियता, नेतृत्व तथा सरोकारवाला निकायसँगको समन्वय आवश्यक देखिन्छ। विगतका अनुभवलाई समेत समेटेर यस क्षेत्रसँग सम्बन्धित तथा कार्य गरिरहेका गैर सरकारी संघसंस्थाहरु सबै सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समितिका सदस्य तथा विज्ञ व्यक्तित्वहरुको राय सुझावबाट तयार गरिएको यो योजना विपद् व्यवस्थापनको लागि मार्गदर्शन समेत हो । सम्बद्ध सबै निकायको समन्वय तथा सहयोगमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ को पूर्ण रुपमा कार्यान्वयन भई प्रभावकारी रुपमा जिल्लाको विपद् व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समिति र मेरो व्यक्तिगत तर्फबाट विशेष अनुरोध गर्दछु ।

अन्तमा यो कार्ययोजना तयारी तथा प्रकाशनको लागि निरन्तर रुपमा लागि पर्ने नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखा, जिल्लामा क्रियाशील सम्वद्ध सबै सरकारी तथा गैरसरकारी संस्थाहरु, सहायक प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(योगेन्द्र प्रसाद पाण्डे)
प्रमुख जिल्ला अधिकारी
एवम्
अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति
सिन्धुली

Web: daosindhuli.moha.gov.np
Email: cdosindhuli@gmail.com

**शव्दसङ्क्षेप**

| | |
|---|---|
| अ/गैसस | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| आरडिटि | र्‍यापिड डाइग्नोसिस टेस्ट |
| आकासके | आपतकालीन कार्यसञ्चालन केन्द्र |
| किमी | किलोमिटर |
| गापा | गाउँपालिका |
| जिप्रका | जिल्ला प्रशासन कार्यालय |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिसस | जिल्ला समन्वय समिति |
| नपा | नगरपालिका |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| निमावि | निम्न माध्यमिक विद्यालय |
| प्रावि | प्राथमिक विद्यालय |
| पिसिआर | पोलिमराइज चेन रियाक्सन |
| मावि | माध्यमिक विद्यालय |
| मिमि | मिलिलिटर |
| शिविसइ | शिक्षा विकास तथा समन्वय इकाइ |
| सप्रबल | सशस्त्र प्रहरी बल |
| सावउस | सामुदायिक वन उपभोक्ता समूह |
| साविका | सामुदायिक विकास कार्यक्रम |
| स्वाका | स्वास्थ्य कार्यालय |
| CRRT | Community Rapid Response Team |
| ECED | Early Child Education & Development |
| GBV | Gender Based Violence |
| GBVMIS | Gender Based Violence Management of Information System |
| IRA | Initial Rapid Assessement |
| MIRA/मिरा | Multi cluster Initial Rapid Assessement |
| MISP | Malware Information Sharing Plateform |
| OCMC | One-stop Crisis Management Center |
| RRT | Rapid Response Team |
| TLC | Temporary Learning Center |

# विषयसूची


भाग १ : योजनाको परिचय १
१.१ पृष्ठभूमिः १
१.२ प्रतिकार्य योजनाको उद्देश्य ६
१.३ प्रतिकार्य योजनाको लक्षित समूह ६
१.४ प्रतिकार्य योजना तर्जूमा प्रक्रिया र सहभागिता ७
१.५ प्रतिकार्य योजनाको उपयोग र प्रयोग ७
१.६ प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व ७
१.७ प्रतिकार्य योजनाका सीमा ७
१.८ कार्ययोजनाको पुनरावलोकन ८
भाग २ : विपद्को अवस्था तथा योजना तर्जूमा सम्बन्धी पूर्वानुमान ९
२.१ सन्दर्भ सामाग्री पुनरावलोकनको नतिजा ९
२.२ दस्तावेजहरूको अध्ययन ९
२.३ वैठकका निर्णयहरू ९
२.४ विपद्को स्तरीकरण १०
२.५ नगरपालिका तथा गाउँपालिकाको संकटाभिमुखता स्तरीकरण ११
२.६ जिल्लाका प्रमुख नदीनालाहरुको विवरण १२
२.७ यस वर्ष प्रकोप प्रभावित हुनसक्ने जनसंख्याको अनुमान १३
२.८ निकायगत भूमिका तथा जिम्मेवारी १४
२.९ क्षेत्रगत (Cluster) : अगुवाहरुको विवरण १६
२.१० सहयोगी निकायहरूमा अपुग/अभाव (GAP) देखिएका सामाग्री, स्रोत साधन र क्षमता १६
२.११ सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य १७
भाग ३ : पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजना २०
३.१ विषयगत क्षेत्रः सूचना, सर्वेक्षण तथा समन्वय २०
३.२ विषयगत क्षेत्रः खोजतलास तथा उद्धार २५
३.३ विषयगत क्षेत्रः आपतकालीन आवास तथा गैर खाद्य सामाग्री ३०
३.४ विषयगत क्षेत्रः कृषि तथा खाद्य ३६
३.५ विषयगत क्षेत्रः खानेपानी तथा सरसफाइ ४१
३.६ विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण ४६
३.७ विषयगत क्षेत्रः शिक्षा ५३
३.८ विषयगत क्षेत्रः संरक्षण ५७
३.९ विषयगत क्षेत्रः पूनःनिर्माण ६५
अनुसूचीहरु ६८
अनुसूचीः १ गाउँपालिका तथा नगरपालिकाको संकटाभिमुखता विश्लेषण ६८
अनुसूचीः २ प्रारम्भिक द्रुत लेखाजोखा फाराम ६९
अनुसूचीः ३ आपतकालीन अवस्थामा परिचालनका लागि आवश्यक सामाग्रीहरु ७२
अनुसूचीः ४ महत्वपूर्ण टेलिफोन नम्बरहरु ७५
अनुसूचीः ५ सिन्धुली जिल्लामा रहेको एम्बुलेन्स तथा शववाहन सेवा विवरण ७६
अनुसूचीः ६ स्थानीय तहअन्तर्गतका पदाधिकारी तथा प्रमुख प्रशासकिय अधिकृतको सम्पर्क विवरण ७८
अनुसूचीः ७ शैक्षिक संस्थाहरु सम्बन्धी विवरण ८३
अनुसूचीः ८ स्वास्थ्य संस्थाहरुको विवरण ८४
अनुसूचीः ९ जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीका सदस्यहरुका नामवली ८६

अनुसूचीः १० विपद् व्यवस्थापन समिति बैठक/कार्यशालामा सहभागीहरुको विवरण ८८
अनुसूचीः ११ विपद् सम्बन्धी शब्दावली ९०
अनुसूचीः १२ सन्दर्भ सामग्रीहरु ९२

# भाग १ : योजनाको परिचय

## १.१ पृष्ठभूमिः

हाम्रोजस्तो भूधरातलीय बनोट तथा स्वरुप भएको मुलुकमा प्राकृतिक प्रकोप तुलनात्मक रुपमा बढी नै रहेको हुन्छ। त्यसमा पनि जनचेतनाको कमी, परिवर्तित अवस्था तथा जलवायू परिवर्तनको कारण आकस्मिक, बेमौसमी तथा फरक फरक किसिमका विपद्का घटनाहरु बढ्दै गइरहेको छ जसबाट जनधनको क्षति पनि वर्षेनी वृद्धि हुदै गइरहेको छ । यसरी बारम्बार आइरहने विपद्को सामना गर्न प्रभावित परिवारले मात्र सम्भव हुँदैन । यसका लागि सबै किसिमको प्रतिकार्य गर्ने संयन्त्रलाई परिचालन गर्नु जरुरी हुन्छ । त्यसैले भविश्यमा आइपर्ने सबै किसिमको विपद्को सामना गर्नका लागि व्यक्ति, परिवार, समुदाय तथा संयन्त्रलाई स्रोतसाधनसहित तयारी अवस्थामा राख्नुपर्ने हुन्छ । नीति तथा कार्यक्रमगत रुपमा विपद्लाई प्राथमिकतामा राखी स्रोतहरुको व्यवस्थापन, जनशक्तिको तयारी तथा समुदायको ज्ञान तथा सचेतना अभिवृद्धि गर्न आवश्यक हुन्छ । विपद्का घटनाहरु तथा त्यसबाट हुन सक्ने क्षतिको न्यूनिकरण गर्न तहगत रुपमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजनाहरु निर्माण गरी क्रमिक रुपमा त्यसको कार्यान्वयन गर्दै समुदाय तथा संयन्त्रहरुलाई उत्थानशील बनाउनु पर्दछ । यसका लागि सिन्धुली जिल्लाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा मार्गदर्शन, २०६७ को अधिनमा रही वि.सं. २०६८ सालदेखि नै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ र हरेक वर्ष अध्यावधिकसमेत गरी समयानुकूलका योजनाहरु समावेश गर्दै उपलब्ध स्रोतसाधनको प्रयोग गरी उत्कृष्ट प्रतिकार्यसमेत गर्दै आइरहेको छ । नेपालको संविधान, २०७२ मा विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीभित्र समावेश गरी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ समेत लागू भई मातहतका सबै निकायहरुमा विपद् व्यवस्थापनको क्षेत्रलाई कार्यक्षेत्रभित्र समावेश गरेकोले पूर्वतयारी तथा प्रतिकार्य योजनाले अझ व्यापकता पाएको छ । बारम्बार घटिरहने विपद्का घटना तथा हाल विश्वमा नै महामारीको रुपमा रहेको कोरोना भाइरसका कारण सिन्धुली जिल्लासमेत प्रभावित भएको हुँदा प्रतिकार्यको दायरा फरक, बृहत र फराकिलो बनाउनु पर्ने देखिन्छ ।

अहिले विश्व नै कोरोना भाइरसको महामारीसँग जुधिरहेको अवस्था छ । विश्वको सबै मुलुकहरु कोरोना भाइरसको विरुद्ध लड्न हरेक किसिमका उपाय अपनाइरहेका भए पनि जित हासिल गर्न सकिरहेको छैन । विकसित मुलुकहरु पनि आफूसँग भएको अत्याधुनिक प्रवधि तथा प्रणालीका बाबजुत संघर्ष गरिरहेका छन् । यस अवस्थामा नेपाल पनि टाढा रहन सकेको छैन। देशमा उपलब्ध स्रोत साधनको अधिकतम व्यवस्थापन गर्दै बि.सं. २०७६ चैत्रको दोस्रो सातादेखि बन्दाबन्दी गरी सबै किसिमका गतिविधिहरुमा रोक लगाए पनि हालसम्म ६५ जिल्लाका २६०० भन्दा बढी मानिस संक्रमित र १० जनाको मृत्यु भएको स्थिति छ भने हालसम्म सिन्धुली जिल्लामा दुइजना संक्रमित भेटिएकामा एकजना पूर्ण रुपमा निको भई सामान्य जीवनमा फर्किसकेको छ। बन्दाबन्दीका कारण सिन्धुली जिल्लामा सम्पूर्ण गतिविधिहरु ठप्प भए पनि वरिपरिका जिल्लाहरुमा देखिएको बढ्दो संक्रमण तथा देशकै राजधानीलगायत विभिन्न जिल्लामा आवतजावत गर्ने एक मात्र बैकल्पिक राजमार्ग भएकोले सिन्धुली जिल्ला उच्च जोखिममा रहेको छ । हाल जिल्लामा प्रतिकार्यका लागि सबै स्थानीय तहमा गरी हालसम्म ४२० वटा क्वारेन्टाइन बेड, सिन्धुली अस्पतालमा १४ वटासहित ३३ वटा आइसोलेसन बेड निर्माण गरिएको छ । साथै प्रतिकार्यमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, रेडक्रस स्वयम्सेवक लगायतको सुरक्षाका लागि सबै स्थानीय तहमा PPE सेट, पञ्जा, मास्क, थर्मल गन, सेनिटाइजर लगायतका सामाग्रीहरु उपलब्ध गराइएको छ । जिल्लामा सञ्चालित ४३ वटा एम्बुलेन्सहरुमध्ये २४ वटा एम्बुलेन्सलाई कोरोना संक्रमण प्रतिरोधी बनाइएको छ भने एकवटा शववहान र २० वटा शव संकलन झोला तयारी अवस्थामा राखिएको छ । जिल्लामा शंकास्पद व्यक्तिहरुको आरडिटी र पिसिआर जाँचलाई प्राथमिकतामा राखिएको छ । साथै कोरोना संक्रमितको उपचारका लागि अस्पतालको व्यवस्थापनलाई तयारी अवस्थामा राखिएको छ। (स्रोतः कोभिड बुलेटिन अंक २, जिविव्यस, सिन्धुली)

विगतमा पनि वि.सं. २०७२ बैसाख १२ गते गोरखा केन्द्रविन्दु भएर गएको बिनासकारी भूकम्प तथा त्यसपश्चातका पराकम्पनबाट सिन्धुली जिल्लामा १५ जनाको मृत्यु, २ सय ३० जना घाइते, ४२ हजार भवनहरुमा क्षति तथा करिब १ लाख ९० हजार जनसंख्या प्रभावित भएका थिए र भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरुभित्र सिन्धुली जिल्ला पनि समेटिएको

थियो । अझ इतिहास पल्टाउने हो वि.सं १८९० को महाभुकम्प, वि.सं. २०४५ सालको भूकम्प तथा वि.सं. २०६८ सालको भूकम्पले सिन्धुली जिल्लालाई असर गरेको देखिन्छ । (स्रोतः जिविव्यस सिन्धुली, २०७२)

सिन्धुली जिल्लामा बाढीपहिरोको जोखिम पनि उच्च रहेको छ । जिल्लाको उत्तरतर्फ महाभारत र दक्षिणतर्फको चुरे पर्वत श्रृङ्खलामा पर्ने प्रायः सबै भूभाग भिरालो भएको तथा वनविनासको क्रम बढ्दो रहेको कारणले वर्षातमा बाढीपहिरो ब्यापक वढ्न जाने र बर्षेनी ठूलो मात्रामा धनजनको क्षति तथा भूक्षय हुने गरेको छ । वि.सं १९५९ को बाढी (यसलाई उनसठ्ठा पनि भन्दछन्—ले सिन्धुलीमाडी, मरिणखोला तथा कमलाखोंजको खेतीयोग्य जमिनलाई ब्यापक विनास गरेको), वि.सं २००१ मा व्यापक असिनापात, वि.सं २०११ को बाढी, वि.सं २०२३ मा फुटेको सेती पहिरो, वि.सं २०२७ मा आएको बाढी, वि.सं २०३८ मा आएको बाढी (यस समयको बाढीले १९५९ सालमा आएको बाढीले वढाएको खोलाको आयतन समान वनाएको थियो), वि.सं २०४१ को बाढी (यस बाढीले सिन्धुलीको विकास फड्कोलाई २० वर्ष पछाडि पारेको विश्वास गरिएको छ), वि.सं २०५० र २०६१ मा आएको बाढीले यस जिल्लामा धेरै जनधनको क्षति गरेको छ । (श्रोतः जिल्ला पार्श्व चित्र २०७२, सिन्धुली)

यससँगै जिल्लामा आगलागी, चट्याङ, सडक दुर्घटनाबाट पनि क्षति भएको देखिन्छ । नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाले नियमित रुपमा वितरण गर्ने राहत सामाग्रीहरुको विवरण तालिका हेर्दा जिल्लामा बाढीपहिरोसँगै आगलागी पनि निकै भएको देखिन्छ । बि.सं. २०७५ श्रावणदेखि २०७६ असार मसान्तसम्मको गैरखाद्य राहत वितरण विवरण हेर्दा ९९ घरपरिबार बाढीपहिरो, ८१ परिवार आगलागी, १५ परिवार हावाहुरी, एक परिवार जंगली जनावर आतंक, दुई परिवार चट्याङ र अन्य तीन गरी जम्मा २०१ परिवार विपद्बाट प्रभावित भएको देखिन्छ । (स्रोतः सिन्धुली रेडक्रस, ४९ औं जिल्ला सभा विशेषाङ्क, २०७६)

सिन्धुली जिल्लाको परिदृष्य हेर्दा जिल्लामा विपद्का घटनाहरु बारम्बार भइरहेको देखिन्छ । विपद्को समयमा निश्चय पनि प्रभावित व्यक्ति तथा समूदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जति सक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सक्दछ । गत वर्ष कमलानदी तथा मरिणखोलामा आएको बाढीमा फसेका व्यक्तिहरुलाई खोज तथा उद्धार टोली परिचालन गरी उद्धार गरेको कार्यबाट पूर्वतयारी तथा प्रतिकार्य योजना कति आवश्यक रहेको हुन्छ भनेर बुझ्न सकिन्छ । पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको क्रममा गरिएका प्रयास तथा अनुभवको आधारमा यस वर्ष जिल्ला विपद् व्यवस्थापन समितिले आपतकालीन अवस्थामा प्रयोग गर्ने सामाग्री खरिद गरी तयारी अवस्थामा राखेको छ । उक्त सामाग्रीहरुको प्रयोगसमेत गरी पहिरोको उच्च जोखिममा रहेको कुशेश्वर दुम्जाका एक समुदायलाई खतरामुक्त गरिएको थियो । साथै जिल्लामा आपतकालीन प्रतिकार्य केन्द्रको स्थापना गरी पूर्व चेतावनी तथा सूचना प्रवाहको प्रयास थालिएको छ ।

तथापि जिल्लामा भइरहने घटनाहरुलाई पूर्ण रुपमा सम्बोधन गर्न सकिएको छैन । फरक किसिमको विपद्का प्रतिकार्यबाट सिकाइ भएको छ भने विगतमा निर्माण गरिएका पूर्वतयारी तथा प्रतिकार्य योजनाहरुको प्रभावकारी कार्यान्वयनमा स्रोतसामाग्रीहरुको अपुग (GAP) बाट योजनाको परिमार्जन गर्नु पर्ने आवश्यकता देखिएको छ । अतः यस स्रोतसामाग्रीहरुको अपुग अवस्थालाई सम्बोधन गरी विगतको अनुभवका आधारमा सबै किसिमका विपद्लाई प्रतिकार्य गर्न तथा मानवीय सहयोगलाई व्यवस्थित बनाउन प्रतिकार्य योजनाको परिमार्जन महत्वपूर्ण देखिएकोले जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुलीले यो विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना, २०७६ अध्यावधिक गरी विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना, २०७७ सिन्धुली तर्जूमा गरेको छ ।

### १.१.१ सिन्धुली जिल्लाको सामान्य परिचयः

परापूर्वकालदेखि नै आफ्नै छुट्टै पहिचान कायम राख्न सफल सिन्धुली जिल्ला संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बागमती प्रदेशअन्तर्गत रहेको छ । ऐतिहासिक सिन्धुलीगढी दरबारको जिल्ला भनेर परिचित सिन्धुलीलाई जुनारको जिल्लाको रुपमा समेत चिनिन्छ । दक्षिण एसियाकै नमुना बाटोको रुपमा बिपी राजमार्ग निर्माण भई सञ्चालनमा आए पश्चात् प्रदेश नं. २ र प्रदेश नं. १ लाई राजधानीसँग जोडने प्रमुख मार्गको रूपमा रहेको छ ।

- **भौगोलिक अवस्थितिः**

कुल क्षेत्रफल : २४९१ वर्ग किमी

अक्षांश : २६°५५' देखि २७°२२' उत्तरी अक्षांश
देशान्तर : ८५°१५'  देखि ८६°२५' पूर्वी देशान्तर
उचाइ : १६८ मिटरको उचाइदेखि २७९७ मिटरसम्म
लम्बाई : १०६ किमी
चौडाइ : २३.३ किमी
हावापानी :  बिषम (उष्ण, उपोष्ण र समशीतोष्ण)
वर्षात : औषत् १४२० मिमि (सबैभन्दा उच्च ३५५४ मिमि)
तापक्रम : ५.३ सेन्टिग्रेडदेखि २८.३ सेन्टिग्रेडसम्म

- **सिमाना**

पूर्व : उदयपुर, सिराहा जिल्ला
पश्चिम : रौतहट, मकवानपुर र काभ्रेपलान्चोक जिल्ला
उत्तर : रामेछाप, ओखलढुंगा जिल्ला
दक्षिण : धनुषा, महोत्तरी, सर्लाही जिल्ला

- **राजनैतिक/प्रशासनिक विभाजन**

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा संख्या | प्रतिनिधि सभा | प्रदेश सभा | कैफियत |
|---|---|---|---|---|---|---|
| बागमती | सिन्धुली | दुधौली नगरपालिका | १४ | १ | १ | कमलामाई नपाको वडा नं. ९, १३ र १४ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा १ (१) मा राखिएको । |
| | | तीनपाटन गाउँपालिका | ११ | | | |
| | | फिक्कल गाउँपालिका | ६ | | २ | |
| | | गोलन्जोर गाउँपालिका | ७ | | | |
| | | कमलामाई नगरपालिका | १४ | २ | १ | |
| | | सुनकोशी गाउँपालिका | ७ | | | |
| | | घ्याङ्लेक गाउँपालिका | ५ | | २ | |
| | | मरिण गाउँपालिका | ७ | | | |
| | | हरिहरपुरगढी गाउँपालिका | ८ | | | |

- **भौगोलिक विभाजन**

सिन्धुली जिल्ला भौगोलिक हिसावले पहाडी प्रदेशमा पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यसलाई भित्री मधेशको जिल्लाअन्तर्गत राखिएको छ । यस जिल्लाको उत्तरी भागमा पश्चिमबाट पूर्वतिर बग्ने सुनकोशी नदी, मध्यभागमा महाभारत श्रृङ्खला र सदरमुकामभन्दा पश्चिमतर्फ बग्ने मरिनखोला र दक्षिणपूर्व हुँदै बग्ने कमला नदी पर्दछ भने दक्षिणमा चुरे क्षेत्रले तराईका विभिन्न जिल्लाहरुसँग सिमाना छुट्याएको छ । पानीको स्रोतको लागि उपयुक्त भए पनि भिरालो भौगोलिक अवस्था तथा चुरे क्षेत्र भएकोले यस जिल्ला बाढी तथा पहिरोजन्य प्रकोपको अति संकटोन्मुख क्षेत्रभित्र पर्दछ ।

**गढतीर क्षेत्र:** महाभारत श्रृङ्खलाभन्दा उत्तरतिर अवस्थित रहेको तथा सुनकोशी नदीको किनारा क्षेत्रलाई गढतीर क्षेत्र भनिन्छ । सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिकाका धेरै भूभाग यस क्षेत्रमा पर्दछ। यस क्षेत्र तुलनात्मक रुपमा सुख्खा तथा भिरालो जमिन रहेको तथा खरको छानो भएको काठबाट बनेका घरहरुका कारण आगलागीको खतरा अधिक तथा नदीको किनारा भएकोले बाढीको उच्च जोखिम क्षेत्रभित्र पर्दछ । भूउपयोगको हिसावले यो उब्जनी क्षेत्र पनि हो । यस क्षेत्रबाट मध्यपहाडी लोकमार्ग सञ्चालित भएसँगै सेवा तथा सुविधाको पहुँच पुगेको छ ।

**मरिण क्षेत्र:** महाभारत श्रृङ्खलाभन्दा दक्षिण तथा सिन्धुली सदरमुकामभन्दा पश्चिम मरिण खोलाको आसपासमा रहेको घ्याङ्लेक गाउँपालिका, कमलामाई नगरपालिका वडा नं. १ र २ का केही भूभाग, मरिण गाउँपालिका तथा हरिहरपुरगढी गाउँपालिका यस क्षेत्र अन्तर्गत पर्दछ। मरिण खोलाको उद्‌गम स्थल घ्याङ्लेक गाउँपालिका वडा नं. २ देखि हरिहरपुरगढी गाउँपालिका वडा नं.  ९ सम्मका क्षेत्र मरिण खोलाबाट प्रभावित क्षेत्र हुन् । उच्च उर्वर खेतीयोग्य जमिन कटान, भू–क्षय र मानवीय

क्षतिको हिसावले यो क्षेत्र उच्च जोखिममा रहेको छ । दक्षिणतर्फको चुरेक्षेत्रबाट निस्कने खहरेखोलाहरुले बर्षेनी धनजनको क्षति पुऱ्याउदै आएको छ । भूउपयोगको हिसावले यस क्षेत्रलाई उब्जनी क्षेत्रको रुपमा पनि चिनिन्छ । ठूला–ठूला फाँटहरुबाट पर्याप्त मात्रामा उब्जनी हुने यस क्षेत्रबाट हेटौंडा धरान जोड्ने मदन भण्डारी मार्गको निर्माणसँगै कृषि सामाग्रीहरुको निर्यात हुने अवसर रहे पनि मान्छेहरुको आवतजावतसँग सरुवा रोग संक्रमण हुने समस्या पनि सँगसँगै आउने देखिन्छ ।

**कमलाखोंज क्षेत्रः** सिन्धुली सदरमुकामभन्दा दक्षिण–पूर्व कमला नदी आसपासका बस्तीहरुलाई कमलाखोंज क्षेत्र भनिन्छ । यस क्षेत्रअन्तर्गत दुधौली नगरपालिका र कमलामाई नगरपालिका वडा नं. ९, १०, १३ र १४ का बस्तीहरु पर्दछ । विशेष गरी बर्षात्को समयमा कमला नदीबाट त्यस क्षेत्रका बासिन्दाले हरेक वर्ष नोक्सानी बेहोर्दै आएका छन् । यस क्षेत्रमा बाढी पूर्व सूचना प्रणालीको स्थापना तथा मदन भण्डारी मार्ग अन्तर्गत कमला नदीमा पक्की पुल निर्माण भएसँगै ठूला विपद्का घटनाहरुमा कमी आए पनि व्यक्तिको लापरवाहीका कारण मानवीय क्षतिलाई शुन्यमा ल्याउन भने सकिएको छैन । साथै निकै ठूलो क्षेत्र प्रभावित हुने भएकोले कृषियोग्य भूमिलाई पनि पर्याप्त मात्रामा संरक्षण गर्न सकिएको छैन । यो क्षेत्र अन्न तथा फलफूल उब्जाउ हुने क्षेत्र हो । यहाँ रहेका ठुल्ठूला फाँटहरुबाट बर्षेनी ठूलो मात्रामा अन्न तथा फलफूल उत्पादन हुने गर्दछ ।

**तीनपाटन क्षेत्रः** सिन्धुली सदरमुकामभन्दा पूर्वमा रहेको तीनपाटन गाउँपालिकाको सम्पूर्ण भूभाग तीनपाटन क्षेत्रका नामले परिचित छ । चदाहा खोला र यसका सहायक खोलाहरुले हरेक बर्ष यस क्षेत्रमा धनजनको क्षति पुऱ्याइरहेको छ । विगतका वर्षमा पहिरोको उच्च जोखिमको रुपमा परिचित सेती पैरी पनि यस क्षेत्रमा नै पर्दछ ।

यसबाहेक सडक दुर्घटनाको हिसावले विपी राजमार्ग तथा मध्यपहाडी लोकमार्ग अति नै संवेदनशील मार्गको रुपमा रहेका छन्। यस क्षेत्रमा प्रायः सानाठूला दुर्घटना भइरहन्छ । यसै वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको मदन भण्डारी (हेटौडा चतरा) मार्गले सिन्धुलीको धेरै बसोबास क्षेत्रलाई प्रभाव पार्ने र सो क्षेत्रका मानिसमा यातायात सम्बन्धी उपयुक्त शिक्षा तथा जनचेतनाको अभाव रहेकोले दुर्घटना बढ्न सक्ने अवस्था देखिन्छ ।

- **भू-उपयोगः**

सिन्धुली जिल्ला कुल क्षेत्रफलमध्ये मध्ये करिव ५६ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ । त्यस बाहेक करिब ३० प्रतिशत मात्र खेतीयोग्य जमिन र ३ प्रतिशत बाँझो जमिन रहेको देखिन्छ । जिल्लाको करिब १६०१९१ हेक्टर (६४.८३%) जमिन वनजंगल तथा बुटयानले ढाकेको छ । सामान्यतयः यस जिल्लाको सम्पुर्ण भू—भाग पहाडले बनेको छ । यस क्षेत्रको भूमिमध्ये कमला नदी, तीनपाटन क्षेत्र र मरिण खोला धान तथा मकै बालीका लागि उत्तम क्षेत्र रहेको छ । त्यसै गरी जिल्लाको उत्तरी क्षेत्रमा फल्ने जुनार सिन्धुली जिल्लाकै पहिचानको रुपमा रहेको छ भने भूइँकटहर तथा आँपका लागि पनि सिन्धुली जिल्ला परिचित रहेको छ । तर पर्याप्त शिक्षा तथा चेतनाको अभावले यहाँका वनजंगल विनास बढ्दै गएको छ । उत्तरको पहाडी क्षेत्रको भूमि त्यति उब्जाउ किसिमको छैन र यो क्षेत्रको धेरैजसो भूमि वनजंगल तथा वुटयानले ढाकेको छ । भिरालो जमिन भएकाले यहाँ पहिरो तथा भूक्षय हुने गरेको छ । अझ चुरे पर्वतमा पर्ने भू—भाग बढी नै भिरालो धरातल कडा चट्टान र वालुवाले बनेकोले खेतीपातीको लागि उपयुक्त छैन । (स्रोतः जिल्ला जनसंख्या पार्श्वचित्र, २०७०)

- **भेषभुषा र रहनसहनः**

तामाङ बाहुल्यता रहको पहाडी जिल्ला भएकोले यहाँको रहनसहनमा प्रशस्त मात्रामा तामाङहरुको प्रभाव परेको पाइन्छ । प्रायः वस्तीहरु एकै स्थानमा झुपुक्क परेर रहेको देखिन्छ । अधिकांश घरहरु ढुङ्गा माटो र काठवाट निर्मित तथा काठ र खर, टायल प्रयोग गरी छाना छाइएको अवस्थामा पाइन्छन् । भूकम्प पश्चात निर्माण भएका घरहरु भने अर्ध पक्की तथा जस्ताले छाएको भेटिन्छ । भेषभुषामा यहाँका मानिसहरु कमिज, पाइन्ट, सुरुवाल, टोपी, फरिया, पटुका, चोलो आदि लगाउँदछन् ।

- **जातजाति र भाषाभाषीः**

जातीगत आधारबाट हेर्दा राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्कअनुसार सिन्धुली जिल्लामा पहिलो स्थानमा तामाङ जाती ७९५९० (२६.९%) त्यसपछिका क्रमश मगर (१४%), क्षेत्री (१३.७%), ब्राह्मण (७.८%), नेवार (६.३%), दनुवार (५.८%), कामी (४.६%) सार्की (३.६%), माझी (३.५%) आदि रहेका छन् । यस जिल्लामा मातृभाषा नेपाली बोल्नेको संख्या सबैभन्दा

बढी १२०१०९(४०.६%) रहेको छ भने त्यसपछि क्रमशः तामाङ, मगर, दनुवारलगायतका भाषा रहेका छन् । (स्रोतः राष्ट्रिय जनगणना, २०६८)

- **आर्थिक आधारः**

यस जिल्लाको आर्थिक पक्षको मुल आधार कृषि क्षेत्र नै हो । उद्योग र पर्यटन व्यवसाय निकै न्युन रहेको छ । राष्ट्रिय कृषि गणना, २०६८ अनुसार यहाँ ५१२३३ कृषक परिवार रहेका छन् । मुख्य आन्दानी कृषि हुने कृषक परिवार ८३.५९% रहेको छ । बालीहरुमा जुनार, सुन्तला, कागती, आँप, केरा भुइँकटहर आदि प्रमुख रहेका छन् । सिन्धुली जिल्ला जुनार उत्पादनको लागि परिचित जिल्ला हो । (स्रोतः राष्ट्रिय जनगणना, २०६८)

- **जनसंख्या सम्बन्धी विवरणः**

राष्ट्रिय जनगणना, २०६८ अनुसार सिन्धुली जिल्लाको कुल जनसङ्ख्या २,९६,१९२ रहेको छ । कुल जनसंख्यामध्ये पुरुष १,४२,१२३ जना र महिला १,५४,०६९ जना रहेको छ । कुल ५७,५८१ परिवारहरुमा प्रति परिवार लगभग ५.१४ जना सदस्यहरु रहेको पाइन्छ । पारिवारिक वनावटको हिसावमा ५ जना मात्र सदस्यहरु भएको परिवार सङ्ख्या सवैभन्दा धैरै रहेको देखिन्छ । यस जिल्लाको औषत बार्षिक जनसङ्ख्या वृद्धिदर ०.५७ प्रतिशत रहेको छ । धार्मिक आस्थाका हिसाबले ६४ प्रतिशतभन्दा धेरै हिस्सा हिन्दू धर्मावलम्वी रहेको देखिन्छ ।

तालिका १ : जनसंख्या सम्बन्धी विवरण

| क्र.स. | विवरण | जनगणना २०६८ |
|---|---|---|
| १ | जम्मा जनसंख्या | २९६१९२ |
| २ | महिलाको जनसंख्या | १५४०६९ |
| ३ | पुरुषको जनसंख्या | १४२१२३ |
| ४ | लैगिंक अनुपात (प्रति सय महिलामा पुरुष) | ९२.२४% |
| ५ | घर परिवार संख्या | ५७५८१ |
| ६ | औसत परिवार संख्या | ५.१४ |
| ७ | वार्षिक जनसंख्या वृद्धि दर | ०.५७ |
| ८ | शहरी जनसंख्या र प्रतिशत | ३९४१३ (१३.३%) |
| ९ | ग्रामिण जनसंख्या र प्रतिशत | २५६७७९ (८७.७%) |
| १० | जन घनत्व (जना प्रति बर्ग कि.मि.) | ११९ |
| ११ | विदेश गएकाहरुको कुल जनसंख्या र प्रतिशत | १५२८७ (५.१६%) |
| १२ | अपाङ्गताको संख्या | ६४६६ |
| १३ | आश्रित अनुपात | ८९.२०% |
| १४ | वाल आश्रित अनुपात | ७४.१४% |
| १५ | वृद्ध आश्रित अनुपात | १५.०७% |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

तालिका २ : गाउँपालिका तथा नगरपालिकाअन्तर्गत रहेका जनसंख्या विवरणः

| विवरण | दुधौली नपा | कमलामाई नपा | तिनपाटन गापा | फिक्कल गापा | गोलन्जोर गापा | सुनकोशी गापा | घ्याङलेक गापा | मरिण गापा | हरिहरपुर गढी गापा |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा जनसंख्या | ६५३०२ | ६४३६६ | ३६४०५ | १६९६८ | १९३२९ | २१४७३ | १३७६१ | २७८२२ | २७७२७ |
| महिलाको जनसंख्या | ३४२९८ | ३३९२४ | १९०२९ | ८८२५ | ९९२९ | ११४८५ | ७२९० | १४५४० | १४४५२ |
| पुरुषको जनसंख्या | ३१००४ | ३०४६२ | १७३७६ | ८१४३ | ९४०० | ९९८८ | ६४७१ | १३२८२ | १३२७५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लैगिंक अनुपात (प्रति सय महिलामा पुरुष) | ९०.४० | ८९.७९ | ९१.३१ | ९२.२७ | ९४.६७ | ८६.९७ | ८८.७७ | ९१.३५ | ९१.८६ |
| घर परिवार संख्या | १३१६४ | १४३१५ | ६८७९ | ३०३५ | ३६८१ | ४५७ | २४५७ | ४८७० | ४५८६ |
| औषत परिवार संख्या | ४.९६ | ४.५० | ५.२९ | ५.५९ | ५.२५ | ४.७१ | ५.६० | ५.७१ | ६.०५ |
| जन घनत्व (जना प्रति बर्ग कि.मि.) | १६३ | १५९ | ८९.९१ | ९१.७० | १००.६७ | १४४ | ८९.२७ | ८३.३८ | ८०.८४ |
| विदेश गएकाहरुको कुल जनसंख्या र प्रतिशत | ३३९३ | ३२९८ | १५७९ | ७२९ | ६९२ | | ११७१ | १७०३ | १७९४ |
| अपाङ्गताको संख्या | ११०८ | १४८७ | ६५५ | ३५८ | ५८४ | ४३० | २९२ | ७४५ | ८०७ |
| वाल आश्रित संख्या | ६८९६ | ५७६९ | ३५१३ | २०८६ | १८२७ | १८०७ | २१२७ | ३२३९ | ३२२२ |
| वृद्ध आश्रित संख्या | २२९९ | २४८७ | १३७६ | ५८२ | ८४९ | १०६२ | ३६४ | ७३६ | ६७४ |

स्रोतः सिन्धुलीका स्थानीय तह वस्तुगत विवरण, २०७४

## १.२ प्रतिकार्य योजनाको उद्देश्य

विपद्बाट प्रभावित भई सम्भावित क्षति हुन सक्ने अवस्थाबाट समुदायलाई जोगाउनु र प्रभावित भएका समुदायलाई स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै तत्काल राहत तथा उद्धार सेवा प्रदान गर्नु साथै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी तथा जवाफदेहितायुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मुख्य उद्देश्य हो ।

❖ **प्रतिकार्य योजनाको विशिष्ट उद्देश्यः**

- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा गर्नु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्नु,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु,
- उपलब्ध न्यूनतम साधनस्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधनस्रोतको खोजी गरी नेपाल सरकार र जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु,
- मानवीय असरहरूलाई कम गर्नका लागि विपद्बाट प्रभावित मानिसहरूका आवश्यकताहरू परिपूर्ति गर्नका निमित्त समयमा नै समान तथा समन्वयात्मक सहयोग उपलब्ध गराउने कुरा सुनिश्चित गरेर जिल्ला विपद् व्यवस्थापन समिति मार्फत नेपाल सरकारलाई सहयोग उपलब्ध गराउनु हो साथै कुनै पनि मानवीय सहयोग मानवीय सिद्धान्त अर्थात् मानवता, निष्पक्षता तथा तटस्थताको आधारमा उपलब्ध गराउनु ।

## १.३ प्रतिकार्य योजनाको लक्षित समूह

यस कार्ययोजनाका लक्षित समूहहरु निम्न अनुसार हुनेछन्:

सिन्धुली जिल्लाका ५७,५८१ घरधुरीमा बसोबास गर्ने २,९६,१९२ जना स्थानीय बासिन्दाहरु नै यस योजनाको मुख्य लक्षित समुदाय हुन् । यससँगै अन्य जिल्लाबाट विभिन्न पेशा व्यवसायमा संलग्न भई यस जिल्लाभित्र बसोबास गर्ने व्यक्तिहरु पनि लक्षित समूहभित्र पर्दछन् । योजना कार्यान्वयनको हिसाबले जिल्ला विपद् व्यवस्थापन समिति तथा क्षेत्रगत सदस्यहरु लक्षित समूहभित्र पर्दछन् साथै जिल्ला विपद् व्यवस्थापन समितिका योजनाहरुलाई कार्यान्वयन गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, प्रदेश विपद् व्यवस्थापन समिति, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था, दातृ निकाय तथा निजी क्षेत्रहरुसमेत लक्षित समूहभित्रै समेटिएको छ ।

## १.४ प्रतिकार्य योजना तर्जूमा प्रक्रिया र सहभागिता

जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी पहिलो चरणमा प्रारम्भिक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन तथा अध्यावधिक प्रकृया अन्तर्गत सुरुमा जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीले सबै सरोकारवाला निकायको उपस्थितिमा प्रारम्भिक कार्यशाला गरी तीन सदस्यीय कार्ययोजना परिमार्जन समिति बनाई क्षेत्रगत समूहहरुलाई आफ्नो क्षेत्रको प्रतिकार्य योजना तथा स्रोत आंकलनलाई अध्यावधिक गर्ने कार्य सम्पन्न भयो । तत्पश्चात् क्षेत्रगत समूहहरुलाई छलफल गराई क्षेत्रगत कार्ययोजनालाई अन्तिम रुप दिई जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने काम भयो । क्षेत्रगत समूहको नेतृत्व गर्ने जिल्लास्थित केही सरकारी निकायहरु संघीय संरचनाअनुसार स्थानीय तहमा रहने भएकोले यस अध्यावधिक प्रतिकार्य योजनामा जिल्ला प्रशासन कार्यालयभन्दा बाहेकका सरकारी निकायहरुलाई निस्कृय बनाइएको छ र उक्त क्षेत्रहरुलाई सम्बन्धित स्थानीय तहले नै नेतृत्व गर्ने गरी कार्ययोजनालाई अन्तिम कार्यशाला गोष्ठी सम्पन्न गरी अध्यावधिक गरिएको छ।

## १.५ प्रतिकार्य योजनाको उपयोग र प्रयोग

सकेसम्म विपद्को सामना कसैले गर्नु नपरोस्, धनजनको क्षति नहोस् भन्ने नै हो । तर विपद् कुनै न कुनै कारणले आइ नै हाल्दछ । विपद् आइपरेपछि फेरि पनि पुरानै परम्परागत तरिकाले प्रतिकार्य गर्नु अहिलेको परिस्थितिमा निकै लज्जास्पद विषय हो । त्यसैले सम्भावित विपद्हरुको सामना गर्न तथा सहज तरिकाले सामान्य अवस्थामा फर्काउन कस्ले, कहाँ, कसरी, कहिले के गर्न सकिन्छ भन्ने योजना आवश्यक हुन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना यस्तै एक आकस्मिक परिस्थितिका लागि निर्माण गरिएकोले विपद्को घटना हुनसाथ यो योजना सक्रिय हुन्छ । जिल्लाभित्र संचालन गरिने विपद् पूर्वतयारीका गतिविधिहरु सञ्चालन गर्न तथा गैरसरकारी संस्थाहरुलाई विपद् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनको स्वीकृति दिन पनि यो योजना उपयोगी हुन्छ । साथै स्थानीय तहले विकासका योजनाहरु बनाउदाको समयमा पनि यो योजना उपयोगी हुन्छ ।

## १.६ प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यमध्ये आपतकालीन योजना विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को समय ज्यादै संवेदनशील भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले यस प्रतिकार्य योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । आपतकालीन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछः

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सूनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपतकालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई विपद्को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## १.७ प्रतिकार्य योजनाका सीमा

सबै विषयका आफ्नै महत्व र सीमा हुन्छन् । यस कार्ययोजनाका पनि निम्नअनुसार सीमा पनि रहेका छन्ः

- यो कार्ययोजना विकास निर्माणसँग सम्बन्धित नभएर विपद्को समयमा मात्र कार्यान्वयनमा आउने भएकाले विपद् नपरेमा यसका सबै प्रावधान निस्कृय रहन सक्नेछन् ।
- कार्ययोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताअनुरुप क्षेत्रगत अवधारणा (Cluster Approach) अन्तर्गत तर्जूमा गरिएको छ । साथै तथ्याङ्क संकलन र आवश्यकता पहिचानका लागि बहुक्षेत्रिय द्रुत लेखाजोखा अपनाउने योजनाले निर्धारण गरे पनि सो अनुरुपको जनशक्ति जिल्लामा अभाव हुन सक्नेछ ।

- विपद् परिहालेको अवस्थामा कार्ययोजनाअनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिसँग स्रोतको अभाव हुने भएकाले कार्ययोजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न अन्य निकाय र केन्द्रको भर पर्नु पर्ने हुन्छ ।
- प्रतिकार्य योजनाको कार्यान्वयनका लागि क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ भन्ने अहिले नै निक्यौंल गर्न सकिंदैन ।
- जिल्लाको विपद्को सबभन्दा खराब परिस्थितिलाई अनुमान गरी बनाइएको हुँदा यसमा उल्लिखित कृयाकलाप तथा बजेट महत्वकांक्षी रहेको छ ।

## १.८ कार्ययोजनाको पुनरावलोकन

जिल्लाको बदलिंदो परिस्थिति, उपलब्ध स्रोत तथा साधन, मानव संसाधनको समेत विश्लेषण गरी यस कार्य योजनालाई हरेक वर्ष पुनरावलोकन गरिनेछ । विपद्का घटनाहरुबाट पारेका असरहरुमा कार्ययोजनाले सम्बोधन गर्न नसकिएका खाडलहरुलाई पुर्नका लागि कार्ययोजनाको पुनरावलोकन जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुलीले सबै क्षेत्र सदस्यहरु तथा सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा क्षेत्र समूहहरुबाट अध्यावधिक गर्दै अन्तमा समग्र प्रतिकार्य योजना अध्यावधिक गरिनेछ ।

# भाग २ : विपद्को अवस्था तथा योजना तर्जूमा सम्बन्धी पूर्वानुमान

## २.१ सन्दर्भ सामाग्री पुनरावलोकनको नतिजा

अन्तर्राष्ट्रिय अभ्यासहरुलाई आत्मसात् गर्दै नेपालले पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गर्ने कार्य विगत केही वर्षदेखि गर्दै आइरहेको छ । विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद (तत्कालिन केन्द्रीय दैवीप्रकोप उद्धार समिति) बाट प्राप्त निर्देशिका अनुसार जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीले विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने जिल्लाका सरकारी निकाय, स्थानीय तह तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको सहभागितामा वि.सं. २०६८ सालमा पहिलोपटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गऱ्यो र यसलाई समयानुकुल परिमार्जित ऐन, कार्यविधि तथा समय समयमा प्राप्त निर्देशन अनुसार हरेक वर्ष पूनरावलोकन तथा अध्यावधिक गर्दै आइरहेको छ । यसैको अभ्यास तथा सम्बन्धित मन्त्रालयको निर्देशन अनुसार यस वर्ष पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी तयार गरिएको हो ।

## २.२ दस्तावेजहरूको अध्ययन

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिकका क्रममा दैवी प्रकोप उद्धार ऐन २०३९, नेपाल सरकारबाट स्वीकृत विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा मार्गदर्शन २०६७, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सिन्धुली २०६८, २०६९, २०७०, २०७३, २०७५, २०७६, ह्योगो कार्यसंरचना २००५—२०१५, सेन्डाई कार्यसंरचना २०१५—२०३०, स्फेयर परियोजना २०११, विगतमा बनेका विभिन्न जिल्लाका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु अध्ययन गरी विभिन्न क्षेत्रका विज्ञहरूसँग परामर्श गरिएको छ ।

त्यसैगरी संघीय नेपालको संविधान, २०७२ र त्यसपश्चात बनेका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७४, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनैतिक कार्ययोजना, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई समेत अध्ययन गरी यस योजनालाई अध्यावधिक गरिएको छ ।

यससँगै गएको बर्षात्को समयमा सिन्धुली जिल्लामा मरिनखोलामा बाढीको बीचमा फसेका स्थानीय व्यक्तिहरुको उद्दार जिल्लामा उपलब्ध जनशक्तिबाट नै गरिएको थियो । गत वर्ष कमला नदीमा आएको बाढीले मानवीय क्षति तथा बेपत्ता बनाएको परिवारलगायत जिल्लाभर प्रभावित भएका परिवारलाई उचित राहतको व्यवस्थापन गरेको थियो । त्यसै गरी राजमार्गमा हुने दुर्घटनामा प्रभावित व्यक्तिहरुलाई उद्धार गरी आवश्यक उपचार गर्ने, थप उपचारका लागि व्यवस्थापन गर्ने तथा प्रभावित परिवारहरुलाई उचित सहयोग गर्ने सम्मको कार्य गरिरहेको छ । यस योजना तयारीको क्रममा यसप्रकारका प्रतिकार्यका दस्तावेजहरुलाई पनि अध्ययन गरिएको छ ।

साथै योजना परिमार्जनको चरणमा आइपरेका नीतिगत अप्ठ्याराहरुलाई विषयविज्ञहरुबाट प्राप्त सुझावअनुसार परिमार्जन गरिएको छ ।

### २.३ बैठकका निर्णयहरू

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शनऽ २०६७ अनुसार यस जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाऽ २०६८ अध्यावधिक २०७६ लाई पूनरालोकन गरी नयाँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको निर्देशनअनुसार जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीले जिल्लाका विपद् व्यवस्थापनमा कार्यरत सहयोगी संस्थाको सहयोगमा क्षेत्रगत तहहरूको बैठक आयोजना गरी योजनालाई अध्यावधिक गर्नुका साथै बैठक तथा कार्यशालाबाट प्राप्त रायसुझावहरूलाई योजनामा समावेश गरेर विपद् पूर्वतयारी र प्रतिकार्य योजना, २०७७ तर्जुमा गरिएको हो । यस प्रतिकार्य योजना अध्यावधिककै चरणमा कोरोना भाइरस महामारीको सामना गर्नुपरेकोले विपद् व्यवस्थापन समितिले कोभिड १९ सँग सम्बन्धित रहेर संकट व्यवस्थापन समिति र क्वारेन्टिन संचालन तथा व्यवस्थापन समिति गठन गरी सक्रियतापूर्वक प्रतिकार्यका गतिविधिहरु सञ्चालन गरिरहेको र नियमित रुपमा सबै समितिहरुको बैठक बसी योजना तथा कार्यान्वयनको समीक्षा, थप सहयोगको लागि समन्वय तथा समसामयिक विषयहरुमा निर्णय लिने कार्य भइरहेको छ ।

## २.४ विपद्को स्तरीकरण

सिन्धुली जिल्लाको विपद्को स्तरीकरण गर्नका लागि जिल्लामा घटेका विपद्का घटना, क्षतिको अवस्था तथा त्यसको बारम्बारतालाई अध्ययन तथा विश्लेषण गर्नु जरुरी हुन्छ । समग्रमा यस जिल्लामा विगतदेखि नै बाढी पहिरो पहिलो प्राथमिकतामा रहेको छ । यसबाहेक आगलागी, महामारी, भुकम्प, असिना, हुरीबतास, बन्यजन्तुको आतङ्क आदि पनि बारम्बार दोहोरिने घटनाहरु हुन् ।

अहिले सिंगो विश्व कोरोना नामक नयाँ प्रजातिको भाइरसको महामारीसँग जुधिरहेको छ । हालसम्म यस रोगका कारण करिव ६३ लाख पचास हजारभन्दा बढी मानिसहरु संक्रमित र ३ लाख ८० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। संक्रमित तथा मृत्युको संख्या दिनहुँ थपिदो क्रममा रहेको छ । विकसित देशका अत्याधुनिक स्वास्थ्य सामाग्री तथा प्रणालीले समेत यसको प्रतिकार्य गर्न सकेको स्थिति छैन । जसको कारण सम्पूर्ण गतिविधिहरु ठप्प भएर विश्व नै बन्दाबन्दीको अवस्था छ। यस अवस्थाबाट नेपाल पनि प्रभावित रहेको छ । उपलब्ध सीमित स्रोत साधनको अधिकतम उपयोग तथा वि.सं. २०७६ चैत्र ११ गतेदेखिको बन्दाबन्दीको बाबजुत पनि नेपालमा २६०० भन्दा बढी मानिस संक्रमित तथा १० जनाको मृत्युसमेत भइसकेको छ । नेपालमा पनि दिनहुँ नयाँ संक्रमित थपिने क्रम बढिरहेको छ ।

हालसम्म सिन्धुली जिल्लामा दुइजनामा संक्रमण देखिएको छ । जसमध्ये एकजना सिन्धुली जिल्ला घर भई काठमाडौंमा बस्ने व्यक्ति उपचारपश्चात सामान्य जीवनमा फर्किसकेको छ भने अर्को हालै भारतबाट आएर क्वारेन्टिनमा रहेको व्यक्ति हो र उक्त व्यक्तिको पनि सिन्धुली अस्पतालमा उपचार भइरहेको छ । तराइका जिल्लाहरुको तुलनामा सिन्धुली जिल्ला कम प्रभावित जिल्लाको रुपमा लिन सकिन्छ । तर छिमेकी जिल्लाहरुमा संक्रमितको संख्या बढिरहेको तथा देशको राजधानीसहित धेरै जिल्लाहरुमा आवतजावत गर्ने वैकल्पिक मार्गको रुपमा रहेको साथै तराईसँग जोडिएको जिल्ला भएको कारणले यो जिल्ला उच्च जोखिममा रहेको आंकलन गर्न सकिन्छ ।

बाढीपहिरो, आगलागी, चटयाङ् तथा सडक दुर्घटनाका कारणले सिन्धुली जिल्लामा बर्षेनी ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । बाढी तथा पहिरोको हिसाबले सिन्धुली जिल्लामा वि.सं १९५९ को बाढी (यसलाई उनसठ्ठा पनि भन्दछन् । यस बाढीले सिन्धुली माढी, मरिण खोला तथा कमलाखोंचको खेतियोग्य जमिनलाई ब्यापक विनास गरेको थियो), वि.सं २००१ मा सिन्धुली जिल्लामा व्यापक असिनापात भएको, वि.सं २०११ को बाढी, वि.सं २०२३ मा फुटेको सेती पहिरो, वि.सं २०२७ मा आएको बाढी, वि.सं २०३८ मा आएको बाढी (यस समयको बाढीले १९५९ सालमा आएको बाढीले वढाएको खोलाको आयतन समान वनाएको थियो), वि.सं २०४१ को बाढी (यस बाढीले सिन्धुलीको विकास फड्कोलाई २० वर्ष पछाडि पारेको विश्वास गरिएको छ), वि.सं २०४५ को भुकम्प, वि.सं २०५० र २०६१ मा आएको बाढी ले यस जिल्लामा धेरै जनधनको क्षति गरेको छ । नियमित रुपमा बर्षात्को समयमा आउने बाढीले समेत आ.ब.२०७२।०७३ मा ४ जनाको मृत्यु, आ.व. २०७३।०६४ मा ६ जनाको मृत्यु, ५ बेपत्ता, २ घाइते र आ.व. २०७४।०७५ मा १२ जना मृत्यु, २ बेपत्ता र २ घाइते र २०७५।०७६ मा ९ जनाको मृत्यु, ३ वेपत्ता तथा ४८ परिवार प्रभावित भएको देखिन्छ (आकासके, सिन्धुली, २०७६)

भूकम्पीय हिसावले वि.सं १९९० को महाभुकम्प (यसलाई नब्बे सालको भुइँचालो पनि भन्दछन्), तथा २०७२ सालमा आएको विनासकारी भूकम्पबाट भएको क्षतिलाई लिन सकिन्छ जसको कारण १५ जनाको मृत्यु, २३० जना घाइते र १ लाख ९० हजार बढी प्रभावित भएका थिए । चटयाङ्का कारणले पनि यस वर्ष ४ गरी पाँच वर्षभित्र कुल २४ जनाको मृत्यु भएको देखिन्छ । यसका साथै विपी राजमार्ग तथा मध्यपहाडी लोकमार्गमा हुने सडक दुर्घटनाले पनि वर्षेनी धेरै धनजनको क्षति गर्दै आइरहेको अवस्था छ । आगामी दिनहरुमा सडक दुर्घटनालाई पनि योजनामा समेट्दै लैजानु पर्ने देखिन्छ ।

**तालिका नं ३ : विपद्को स्तरीकरण**

| विपद् | बाढी | भूकम्प | पहिरो | आगलागी | महामारी | हुरीबतास | चटयाङ | बन्यजन्तु आतंक |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| भूकम्प | | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| पहिरो | | | | आगलागी | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागी | | | | | आगलागी | आगलागी | आगलागी | आगलागी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महामारी | | | | | | महामारी | महामारी | महामारी |
| हुरीबतास | | | | | | | चटयाङ | हुरीवतास |
| चटयाङ | | | | | | | | बन्यजन्तु आतंक |
| बन्यजन्तु आतंक | | | | | | | | |

जम्मा परिणामः

बाढी — ७ अंक, भूकम्प — ६ अंक, आगलागी — ५ अंक,
पहिरो — ४ अंक, महामारी — ३ अंक, चटयाङ — २ अंक
हुरीवतास — १ अंक बन्यजन्तु आतंक — १

माथि उल्लेखित तालिकामा विपद् स्तरीकरण गर्दा ७ अंकका साथ बाढी उच्च जोखिम निम्त्याउने प्रकोपको रुपमा देखिएको छ । त्यसैगरी भूकम्प ६ अंकका साथ दोस्रो र आगलागी ५ अंकका साथ तेस्रो उच्च जोखिम निम्त्याउने प्रकोपको रुपमा परेको छ । कोरोना भाइरस महामारीको रुपमा अहिले रहे पनि हालसम्म सिन्धुली जिल्लामा मानवीय क्षति नभएको तथा भएको क्षतिलाई आर्थिक रुपमा मूल्यांकन भई नसकेकोले महामारी प्राथमिकतामा परेको छैन ।

**२.५ नगरपालिका तथा गाउँपालिकाको संकटाभिमुखता स्तरीकरण**

सिन्धुली जिल्लामा रहेको २ नगरपालिका तथा ७ गाउँपालिकामा विगतमा आएका विपद् तथा त्यसले निम्त्याएको जनधनको क्षति, तथा जोखिम निम्त्याउन सक्ने अवस्थाहरुको आधारमा विश्लेषण गर्दा बाढी सबैभन्दा बढी खतराको रुपमा देखिन्छ तथा बाढीले असर गर्ने स्थानहरुमा कमला नदी आसपासका नगरपालिकाका वडाहरु तथा गाविसहरु, मरिण खोला आसपासका गाविसहरु पर्दछन् । यी क्षेत्रहरु बाढीको हिसाबले सबैभन्दा उच्च जोखिममा रहेको देखिन्छ । त्यसै गरी ती क्षेत्रहरुमा चुरे क्षेत्र मुहान भई बग्ने दर्जनौं खहरे खोलाहरुले पनि जनधनको क्षति पु¥याउदै आइरहेको छ । कमजोर भौतिक संरचना, काठ तथा माटाका घरहरु, भिरालो जमिनमा रहेका घरहरु भएको तथा जोखिमबाट हुनसक्ने क्षति न्यूनिकरणको पूर्वतयारी तथा सचेतनामा भएको कमीका कारण भूकम्पबाट हुन सक्ने असर जिल्लाभरि नै रहेको छ । वि.सं. २०७२ सालमा गएको विनासकारी भूकम्पका कारण कमजोर भएको भूसंरचना तथा भिरालो जमिनको कारण पहिरो गई जनधनको क्षति हुन सक्ने आंकलन गर्न सकिन्छ । समग्रमा विगतको क्षतिको तथ्यांकमा आधारित रहेर हेर्दा जिल्लागत अवस्था निम्न रहेको देखिन्छ।

समग्र प्रकोपका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| दुधौली नगरपालिका, कमलामाई नगरपालिका, तीनपाटन गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, फिक्कल गाउँपालिका र मरिण गाउँपालिका | सुनकोशी गाउँपालिका, घ्याङ्लेक गाउँपालिका, गोलन्जोर गाउँपालिका | |

बाढीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| मरिण गाउँपालिका र दुधौली नगरपालिका | हरिहरपुरगढी गाउँपालिका, कमलामाई नगरपालिका र तीनपाटन गाउँपालिका | घ्याङ्लेक गाउँपालिका, फिक्कल गाउँपालिका, सुनकोशी गाउँपालिका र गोलन्जोर गाउँपालिका |

भुकम्पका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|

| | | |
|---|---|---|
| सुनकोशी गाउँपालिका, घ्याङ्लेक गाउँपालिका, मरिण गाउँपालिका, गोलन्जोर गाउँपालिका | हरिहरपुरगढी गाउँपालिका, कमलामाई नगरपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका | |

आगलागीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| सुनकोशी गाउँपालिका, घ्याङ्लेक गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका | मरिण गाउँपालिका, कमलामाई नगरपालिका, तीनपाटन गाउँपालिका, दुधौली नगरपालिका | |

पहिरोका आधारमा संकटाभिमुखता क्षेत्र नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका, मरिण गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, घ्याङ्लेक गाउँपालिका, | कमलामाई नगरपालिका र दुधौली नगरपालिका | |

सडक दुर्घटनाका आधारमा संकटाभिमुखता क्षेत्र नक्सांकनः

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका, कमलमाई नगरपालिका, | दुधौली नगरपालिका, हरिहरपुरगढी गाउँपालिका, मरिण गाउँपालिका, फिक्कल गाउँपालिका | घ्याङ्लेक गाउँपालिका, तीनपाटन गाउँपालिका, |

### २.६ जिल्लाका प्रमुख नदीनालाहरुको विवरण

सिन्धुली जिल्लामा कोशी, रोशी, बागमती, तावा, कमला, मरिण, वाक्सु, चदाहा, क्यानखोला, गौमती, गडौली, कोखाजोर, धनमना, सिम्ले, बितिजोर, ठाकुर, ककुर लगायत यस जिल्लामा १४९ वटा ठूलासाना नदीहरु रहेका छन् । जिल्लाभित्र भएर बग्ने तथा विपद्को हिसावले धेरै प्रभाव पार्ने नदीनालाहरु तथा प्रभावित् हुन सक्ने संकटाभिमुख क्षेत्रहरु निम्न छन् ।

| क्र.सं. | नदीको नाम | प्रभावित हुन सक्ने क्षेत्र |
|---|---|---|
| १ | कमला नदी | कमलामाई न.पा. ९, १०, १३ र १४ का बस्तीहरु |
| | | दुधौली नगरपालिका वडा नं. १, २, ३, ४, ५ ६, ९, १० र ११ का बस्तीहरु |
| २ | तावा खोला | दुधौली नगरपालिका — ७, ८ र १४ का बस्तीहरु |
| ३ | चदाहा खोला | तीनपाटन गाउँपालिका वडा नं. १, २, ४, ६ र १० का बस्तीहरु |
| ४ | मरिण खोला | घ्याङलेक गाउँपालिका वडा नं. २ का केही बस्तीहरु |
| | | कमलामाई नगरपालिका वडा नं. १ र २ का केही बस्तीहरु |
| | | मरिण गाउँपालिकाका सबै वडाहरु |

| | | |
|---|---|---|
| | | हरिहरपुरगढी गाउँपालिका वडा नं. २, ३, ४ र ५ का बस्तीहरु |
| ५ | घागरखोला | कमलामाई नगरपालिका वडा नं. १ का केही बस्तीहरु |
| | | मरिण गाउँपालिका वडा नं. ५ का केही बस्तीहरु |
| ६ | क्यान खोला | हरिहरपुरगढी गाउँपालिका वडा नं. ६, ७ र ८ का बस्तीहरु |
| ७ | कोखाजोर खोला | घ्याङलेक गाउँपालिका वडा नं. ५ र मरिण गाउँपालिका वडा नं. १ का बस्तीहरु |
| ८ | बागमती नदी | हरिहरपुरगढी गाउँपालिका वडा नं. १, २, ३ र ६ का बस्तीहरु |
| ९ | सुनकोशी नदी | सुनकोशी, गोलन्जोर र फिक्कल गाउँपालिकाका केही बस्तीहरु |

## २.७ यस वर्ष प्रकोप प्रभावित हुनसक्ने जनसंख्याको अनुमान

विगतका वर्षहरुलाई हेर्दा सिन्धुली जिल्लामा बाढी, पहिरो, भूकम्प तथा महामारीको क्षति तथा बारम्बारता बढी देखिन्छ । अझ वि.सं. २०७२ सालको भूकम्पबाट भएको क्षतिबाट करिव ४२,००० परिवार प्रभावित भएका थिए । विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस तथा यसको प्रतिकार्यस्वरुप नेपालले अपनाइरहेको बन्दाबन्दी (लकडाउन) को कारण सिन्धुली जिल्लामा पनि धेरै घरपरिवार प्रभावित भइरहेका छन् । हालसम्म संक्रमित नदेखिए पनि उच्च जोखिमको सम्भावनालाई नकार्न सकिदैन । हालसम्म अनुभव गरेका सबै प्रकारका विपद्हरुलाई समष्टिगत रुपमा अध्ययन गर्दा यस वर्ष सिन्धुली जिल्लामा करिब ८ प्रतिशत परिवार प्रभावित हुने र प्रभावितहरुमध्ये ४० प्रतिशत मानिसहरु विस्थापित हुने सम्भावना देखिन्छ। जुन यस तालिकामा देखाइएको छ ।

तालिका ४ : प्रकोप प्रभावित हुनसक्ने जनसंख्याको आंकलन

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्याको % | प्रभावित कुल जनसंख्या(८%) | | | विस्थापित कुल जनसंख्या (४०%) | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कुल जनसंख्या | ८% | ११३७१ | १२३२९ | २३७०० | ४४५४९ | ४९३१ | ९४८० |
| परिवार संख्या २००० | सरदर ५/परिवार | | | ४७४० | | | १८९६ |
| प्रजननयोग्य उमेरका महिला | २५% | | ३०८१ | ३०८१ | | १२३२ | १२३२ |
| ६० वर्षभन्दा बढी उमेरका जनसंख्या | ३.५२% | ४०१ | ४३३ | ८३४ | | | |
| १९ वर्षसम्मका बालबालिकाको संख्या | ४६% | ५२३१ | ५६७१ | १०९०२ | २०९२ | २२६९ | ४३६१ |
| १०—१९ वर्षका किशोरकिशोरीको संख्या | २२% | २५०२ | २७१२ | ५२१४ | १००१ | १०८५ | २०८६ |
| गर्भवती अपाङ्गता भएका महिलाको संख्या | १.९२% | ० | ६ | ६ | ० | ३ | ३ |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) को संख्या | ३.९७% | ४६८ | ४७२ | ९४० | ० | | |
| एकदमै गरीब व्यक्तिको संख्या | ४.७२% | | | १११९ | ० | | ४४८ |
| पहिलेदेखि विद्यमान, तीव्र शारीरिक, स्नायूविक (Neurological), अथवा मानसिक अपाङ्गता अथवा असन्तुलन भएका व्यक्तिको संख्या | ७.१८% | | | ३७ | | | १४ |
| दीर्घकालीन बिमारी भएका व्यक्तिको संख्या | १.०६% | | | २५२ | | | १०१ |
| एच्आईभी/एड्सबाट संक्रमित जनसंख्या | | | | | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको संख्या | ५% | ० | ६१५ | ६१५ | ० | २४६ | २४६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गर्भवती महिलाको संख्या | २.३% | ० | ३२२ | ३२२ | ० | ९७ | ९७ |
| प्रतिमहिना प्रसूतिको अन्दाजी संख्या | ०.२५% | ० | ३१ | ३१ | ० | १२ | १२ |
| प्रतिमहिना शिशुको अन्दाजी संख्या | ०.२५% | | | ३१ | | | १२ |
| प्रतिमहिना आपतकालीन प्रसूति सेवा चाहिने महिलाको अपेक्षित संख्या | ०.०३८% | ० | ५ | ५ | ० | २ | २ |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित संख्या | ०.०२५% | | | ३ | | | १ |
| ६-९ वर्षसम्मका बालबालिकाको संख्या | ११% | १२५४ | १३५३ | २६०७ | ५०१ | ५४१ | १०४२ |
| ५ वर्ष मुनिका बालबालिकाको संख्या | १३% | १४८२ | १५९९ | ३०८१ | ५९३ | ६४० | १२३३ |
| ६-११ महिनासम्मका बालबालिकाको संख्या | १% | ११४ | १२३ | २३७ | ४६ | ४९ | ९५ |
| १२-२३ महिनासम्मका बालबालिकाको संख्या | ३% | ३४२ | ३६९ | ७११ | १३७ | १४८ | २८५ |
| २४-५९ महिनासम्मका बालबालिकाको संख्या | ८% | ९१२ | ९८४ | १८९६ | ३६५ | ३९४ | ७५९ |
| ६-५९ महिनासम्मका बालबालिकाको संख्या | १२% | १३६८ | १४७६ | २८४४ | ५४७ | ५९० | ११३७ |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिका (GAM) | १३% | १४८२ | १५९९ | ३०८१ | ५९३ | ६४० | १२३३ |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १०% | ११४० | १२३० | २३७० | ४५६ | ४९२ | ९४८ |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३% | ३४२ | ३६९ | ७११ | १३७ | १४८ | २८५ |

### २.८ निकायगत भूमिका तथा जिम्मेवारी

विपद् प्रतिकार्य तथा व्यवस्थापन कार्यमा विषयगत क्षेत्रको अवधारणा आइसकेपछि सिन्धुली जिल्लाले आफ्नो पूर्वतयारी तथा प्रतिकार्य योजनामा विभिन्न निकायलाई आवद्ध गरी जिम्मेवारीसहित काम गरेपश्चात् हाल यस जिल्लामा ९ वटा विभिन्न क्षेत्रहरु तय गरी उक्त विषयगत क्षेत्रहरुको समन्वयमा पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरु सञ्चालन गरिएको छ । तर संघीय संरचना पश्चात् विगतका वर्षहरुमा तोकिएको विषयगत कार्यालयहरु हाल जिल्लामा केही मात्र रहेको साथै उक्त निकायहरुमा पनि कार्यक्रमगत बजेटहरु विनियोजन नभएको कारणले स्वःस्फूर्त रुपमा जिम्मेवारी लिन सकेको अवस्था छैन । केही विषयगत क्षेत्रको नेतृत्व स्थानीय तहले लिनुपर्ने गरी जिम्मेवारी हस्तान्तरण गरिए पनि आवश्यक सम्पर्क तथा समन्वयको अभावमा प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । हाल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअन्तर्गतका जिम्मेवार प्राप्त क्षेत्रगत निकायहरुको निकायगत भूमिका र जिम्मेवारी प्रस्तुत गरिएको छ ।

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय परिचालन गर्ने,<br>• आवश्यकताअनुसार क्षेत्रीय तथा केन्द्रीय स्तरमा सहयोग माग गर्ने (मानवीय, आर्थिक, भौतिक सहयोग) । |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | • सूचना संकलन तथा समन्वय कार्य गर्ने,<br>• समन्वयात्मक कार्यमा सहयोग गर्ने, |

| | | | |
|---|---|---|---|
| | | | • आवास तथा पूनःस्थापना कार्य गर्ने,<br>• स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने । |
| ३ | सबै गाउँपालिका तथा नगरपालिका | अध्यक्ष/प्रमुख | • विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने,<br>• सम्बन्धित क्षेत्रहरुको आपतकालीन योजना निर्माण गर्ने,<br>• आवश्यकताअनुसार समन्वयकारी भूमिका निर्वाह गर्ने,<br>• आपतकालीन सामाग्रीहरुको व्यवस्थापन गर्ने,<br>• विपद् प्रतिकार्य, राहत संकलन तथा वितरण कार्य सञ्चालन गर्ने,<br>• आर्थिक तथा मानवीय स्रोतहरुको व्यवस्थापन गर्ने । |
| ४ | विभिन्न जिल्लास्तरीयका कार्यालयहरु | प्रमुख | • क्षेत्रगत सदस्यको रुपमा रही भूमिका निर्वाह गर्ने,<br>• माथिल्लो निकाय तथा मातहतका कार्यालयसँग सहयोगको लागि समन्वय गर्ने,<br>• विपद् व्यवस्थापन समितिले दिएको थप जिम्मेबारी पूरा गर्ने । |
| ५ | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | प्रमुख तथा प्रतिनिधि | • मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व साथै उद्धार कार्य गर्ने,<br>• अत्यावश्यक पूर्वाधारहरुको अवरोध हटाउने,<br>• सुरक्षा व्यवस्था मजवुद बनाउने,<br>• क्षेत्रगत समितिमा रही सहयोग गर्ने । |
| ६ | राजनैतिक दलहरू (जिल्लास्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरू | • समन्वयात्मक कार्य गर्ने,<br>• स्रोत संकलनमा सहयोग गर्ने,<br>• द्वन्द्व व्यवस्थापनमा सहयोग गर्ने, स्थानीय अवरोध हटाउने,<br>• प्रभावित क्षेत्रमा जन परिचालन गर्ने । |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • सवै निकायहरुको सहकार्यमा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग गर्ने,<br>• प्रवन्धकारी भूमिका निर्वाह गर्ने,<br>• गैरखाद्य सामाग्री तथा अस्थायी आवासको व्यवस्थापन गर्ने,<br>• सूचना संकलन तथा सम्प्रेषणमा स्वयम्सेवक परिचालन गर्ने,<br>• विपद्को समयमा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने । |
| ८ | उद्योग वाणिज्य संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, बिस्कुट जस्ता खाद्य सामाग्री संकलन, वितरण र व्यवस्थापनमा सहयो गर्ने । |
| ९ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, एफ.एम. र सञ्चारकर्मीहरु | • तथ्यपरक सूचना संकलन तथा सम्प्रेषण गर्ने। |
| १० | पेशागत व्यवसायी (हेभी उपकरण, निर्माण व्यवसायी, कृषक तथा जल उपभोक्ता, सा.व.उ.स. महासंघ | अध्यक्ष | • उद्धार, राहत तथा संरक्षण कार्यमा सहयोग गर्ने । |
| १० | गै.स.स. महासंघहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने,<br>• स्रोत संकलन तथा वितरणमा सहयोग गर्ने,<br>• गै.स.स. बीच समन्वयात्मक सहयोग गर्ने,<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने, |

| | | | |
|---|---|---|---|
| | | | • जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्न रेडक्रससँग सहकार्य गर्ने,<br>• विषयगत क्षेत्रका योजना तर्जुमा गर्न सहजीकरण गर्ने । |

## २.९ क्षेत्रगत (Cluster) अगुवाहरुको विवरण

| क्र. सं. | क्षेत्र | कार्यालय/संघ/संस्था | सम्पर्क व्यक्ति | मोवाइल | टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्व सूचना, समन्वय र सर्वेक्षण | जिल्ला समन्वय समिति | समन्वय अधिकारी | ९८५४०८७२२२ | ०४७–५२०१४४ | |
| १४. | शिद्धेश्वर खानेपानी उपभोक्ता संस्था, सिन्धुली | अध्यक्ष | ९८४४०८६३२६, ०४७–५२०५७२ | |

### ३.५.२ विपद् पश्चातको सम्भावित परिदृष्यः

- खानेपानीका संरचनाहरु (इन्टेक, ट्याङ्की, पाइपलाइन) तथा शौचालयहरु क्षतिग्रस्त भएको हुनेछ ।
- खानेपानीका मुहानहरु प्रदुषित भएको हुनेछ ।
- शुद्ध खानेपानी, सरसफाइ र स्वच्छताको कमीका कारण रोगको प्रकोप फैलिई विपद्को जोखिम बढेको हुनेछ ।

### ३.५.३ समष्टिगत उद्देश्यः

प्रकोपबाट प्रभावित घर परिवारहरुलाई सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरु उपलब्ध गराई पानी र सरसफाइजन्य रोगहरु फैलन नदिई तिनको रोकथाम गर्ने ।

### ३.५.४ विशिष्ट उद्देश्य

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामाग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घर—सफा (Cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### ३.५.५ मानवीय सहयोगको न्यूनतम मापदण्ड (स्फेयर परियोजना)

**सुरक्षित पानी**

- पिउने पानी २.५–३ लिटर प्रतिव्यक्ति प्रतिदिन, आधारभूत स्वच्छताका लागि २–६ लिटर प्रतिव्यक्ति प्रति दिन, आधारभुत खाना तयार गर्नका लागि ३–६ लिटर प्रतिव्यक्ति प्रतिदिन गरी जम्मा ७.५ देखि १५ लिटर प्रतिव्यक्ति प्रतिदिन,
- पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा टाढा हुन नहुने र पानी ल्याउन ३० मिनेटभन्दा बढी समय नलाग्ने, सार्वजनिक धारामा प्रतिधारा ७.५ लिटर प्रतिमिनेट प्रति २५० जनाको लागि पानी उपलब्ध गराउने,
- शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन तथा भण्डारण गर्नका लागि १० देखि २० लिटरसम्मको २ वटा बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने ट्याब्लेट (Tablets) अथवा वाटर गार्ड (Waterguard) उपलब्ध गराउने ।

**चर्पी**

- अधिकतम २० जनाका लागि १ पारिवारिक शौचालय हुनुपर्दछ,
- यी पूर्वाधार तयार गर्दा खानेपानीका श्रोतहरु प्रदुषित नहुने गरी गर्नुपर्ने र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुलाई सहज हुने गरी गरिनु पर्नेछ ।

**नुहाउने स्थान**

- विपद् आइलागेको पहिलो ३ दिन ४० महिलाका लागि १ स्नान गृह तयार गर्ने, त्यसपछि २० जनाको लागि १ स्नान गृह तयार गर्ने ।

**हाइजिन किट**

- १ सेट प्रति परिवार
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने।
- प्रतिव्यक्ति प्रतिमहिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलव्ध गराउने ।
- ठोस फोहोर व्यवस्थापनको लागि प्रति १० घरको लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर ।

### ३.५.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.सं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य तह वा संस्था र तिनका प्रतिनिधिको पूनरावलोकन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, | जेठको दोस्रो हप्ता |
| २ | समुदाय स्थानान्तरण भएको वा शिविरमा तथा प्रभावित गाउँ/नगरपालिकामा स्वास्थ्य प्रबर्द्धनसँग सम्बन्धित संरचना निर्माण र खानेपानी सरसफाइको अवस्था अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अ/गैसस | आवश्यकतानुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामाग्रीहरूको मौज्दात विवरण संकलन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अ/गैसस | जेठ मसान्तसम्म |

| | | | | |
|---|---|---|---|---|
| ४ | मिराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जिविव्यसले तोकेअनुसार |
| ५ | पानी शुद्धिकरण र हाइजनि किट, साबुन पानीले हात धुने सम्वन्धी सरसफाइ अभियान । घरदैलो कार्यक्रम महिला स्वास्थ्य कार्यकर्ता परिचालन | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अ/गैसस | जेठ मसान्तभित्र |
| ६ | क्षेत्रगत पुनरावलोकन बैठक आयोजना गरी सरसफाइ सम्बन्धी अनुशिक्षण सञ्चालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, अ/गैसस | जेठ मसान्त |
| ७ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा संचारका सामानहरू संकलन, पुनरावलोकन र परिमार्जन गरी प्रकाशन गरी वितरण गर्ने र मौज्दात राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, अ/गैसस | रेडियोबाट जेठ २० गतेदेखि भदौसम्म |
| ८ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने । | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अ/गैसस | जेठ मसान्त |
| ९ | खानेपानी, सरससफाइ तथा स्वच्छता प्रबर्द्धन सम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | गाउँ/नगरपालिका, | जेठ मसान्त |
| १० | आपतकालीन स्वास्थ्य प्रबर्द्धन सम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | गाउँ/नगरपालिका, अ/गैसस | चैत मसान्तभित्र |
| ११ | सार्वजनिक स्थलहरुमा हात धुनका लागि Foot operated धारा भएको खानेपानी स्टेशनहरु निमार्ण गर्ने | क्षेत्र प्रमुख र सदस्य | गाउँ/नगरपालिका, अ/गैसस | बैसाख मसान्तभित्र |

### ३.५.७ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी हुने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | सूचनाहरु संकलन र विश्लेषण गर्ने | " | " | |
| | क्षेत्रगत समूहको वैठक | " | " | |
| दोस्रो दिन | प्राप्त सूचना विश्लेषण । | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | उपलब्ध श्रोतको आधारमा प्रथम चरणको प्रतिकार्यको थालनी | " | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | स्थानीय श्रोतको परिचालन गरी शुद्ध खानेपानीको वितरण | " | " | |
| | पानी शुद्धिकरण गर्ने औषधीहरु वितरण | " | " | |
| | शुद्ध खानेपानीको वितरण | " | " | |
| | हाइजिन किट बक्स उपलव्ध गराउने | " | " | |
| | अस्थायी चर्पीहरुको निर्माण तथा पानी प्रयोग गर्ने भाँडाहरु वितरण | " | " | |

| | | | | |
|---|---|---|---|---|
| पहिलो हप्ता | वास्तविक क्षतिको आधारमा खानेपानी व्यवस्थापनको योजना तयार पार्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | पानी शुद्धिकरण गर्ने थप सामाग्री वितरण | " | " | |
| | वैकल्पिक श्रोतबाट खानेपानीको व्यवस्था | " | " | स्थलगत अध्ययन अनुसार |
| | साधारण मर्मत गर्न सकिने खा.पा. श्रोतहरुको मर्मत तथा पून सञ्चालन गर्ने | " | " | स्थलगत अध्ययन अनुसार |
| | क्षतिको वास्तविक तथ्यांक संकलन तथा विश्लेषण | " | " | |
| | अस्थायी शौचालयको विस्तार | " | " | |
| | बाल्टिन, साबुन, जग आदि सामाग्रीहरुको व्यवस्थापन र वितरण | " | " | |
| | स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिबाट परामर्श दिने | " | " | |
| | ठोस र तरल फोहोरमैला व्यवस्थापन गर्ने | " | " | |
| पहिलो महिना | अनुगमन टोली गठन तथा परिचालन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | रु.२ लाख |
| | स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानीय स्वयम्सेवक र महिला स्वास्थ्य स्वयम्सेवकहरुलाई अभिमुखीकरण | " | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | स्वाथ्य शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यहरु | " | " | |
| दोस्रो महिना | अन्य क्षेत्रसँग समन्वय गरी ध्ब्क्ज् का पूर्वाधारहरुको पुनर्निमाण गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | स्थलगत अध्ययन अनुसार |

### ३.५.८ निकायगत स्रोतको आंकलनः

| सि.नं. | कार्यालय/संघ/संस्थाको नाम | आपतकालीन अबस्थामा उपलब्ध हुने | | | | मानव संशाधन | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्रीको र राहत सामाग्रीको नाम | संख्या (परिमाण) | सामाग्री चालु अवस्था | सामाग्री रहेका स्थान | संख्या | सम्पर्क विवरण (मो. र फो.) | |
| १ | स्वास्थ्य कार्यालय, सिन्धुली | | | | | | | |
| २ | नेपाल स्वास्थ्यको लागि पानी (नेवा) | HDPE पाइप | ३१०० मिटर | चालु | सिन्धुली | ४ जना | ०५६ ५२४०९३, ९८५५०५०९५४, | उपलब्ध हुने |
| | | पियुस | ४०० थान | | | | | |
| ३ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | खानेपानी टयांकी ५ हजार लि.को | ४ वटा | चालू | सिन्धुली | १० जना | ०४७–५२०१२० | |
| | | हाइजिन किट | २० सेट | | | | | |
| | | शौचालय सरसफाइ सामाग्री | ३० सेट | | | | | |
| ४ | प्लान इन्टरनेशनल नेपाल/रिलिफ नेपाल, सिन्धुली | पाइप फिटिङ | १ लाख | | सिन्धुली | ५ जना | ९८५११३४७३४ | कार्य क्षेत्रभित्र |
| | | पोली टयांकी ५०० लि | १० वटा | | | | | |
| | | ब्लिचिङ पाउडर | १०० केजी | | | | | |
| | | पानी शुद्धिकरण सामाग्री | ५० थान | | | | | |
| | | आपतकालीन शौचालय | ५० थान | | | | | |
| | | शौचालय सरसफाइ सामाग्री | ५० थान | | | | | |
| | | IEC सामाग्री | १०० थान | | | | | |
| | | हाइजिन किट | ५० वटा | | | | | |
| ५ | जिल्ला समन्वय समिति, सिन्धुली | पानी टयांकी | १० वटा | | | | | आवश्यकता अनुसार |
| | | आपतकालीन शौचालय | ५० वटा | | | | | |
| ६ | सिद्धेश्वर खानेपानी उ. समति, सिन्धुली | खानेपानी तथा फिटिङ सामाग्रीहरु | आवश्यकतानुसार | चालु | सिन्धुली | ८ जना | ०४७–५२०५७२ | |
| ७ | सहकार्य नेपाल, सिन्धुली | टयांकी ५०० लि | १० वटा | चालु | सिन्धुली | ५ जना | ९८५४०४११६३ | आवश्यकता अनुसार |
| | | आपतकालीन शौलाय | ५० वटा | | | | | |
| | | वास किट | ५०० वटा | | | | | |

## ३.६ विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण

**नेतृत्व गर्ने निकायः** जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिका अन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ ।

### ३.६.१ क्षेत्रगत सदस्यहरूको सूचीः

| क.सं | क्षेत्रगत सदस्यहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका, सिन्धुली | प्रमुख | ०४७–५२०२४५, ९८५४०४१०२९ | info@kamalamaimun.gov.np |
| २ | स्वास्थ्य कार्यालय, सिन्धुली | प्रमुख | ०४७–५२०१८८ | dhosindhuli@gmail.com |
| ३ | जिल्ला अस्पताल, सिन्धुली | प्रमुख | ०४७–५२०१४५ | shsindhuli132@gmail.com |
| ४ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | सभापति | ०४७–५२०१२० | nrcs.sindhuli68@gmail.com |
| ५ | प्लान इन्टरनेशनल नेपाल, सिन्धुली | एरिया मेनेजर | ०४७–५२१०९२ | ram.shrestha@planinternational.org |
| ६ | सहकार्य नेपाल, सिन्धुली | अध्यक्ष | ९८५४०४११६३ | sahakarya2061@gmail.com |
| ७ | रिलिफ नेपाल, सिन्धुली | अध्यक्ष | ९८५११३४७३४ | reliefns@gmail.com |
| ८ | सिड्स नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२००३६ | sidsnepal036@gmail.com |
| ९ | सामुदायिक विकास कार्यक्रम, सिन्धुली | अध्यक्ष | ०४७–५२०९९५ | cdpsnepal@gmail.com |
| १० | ग्रामिण महिला चेतना केन्द्र, सिन्धुली | अध्यक्ष | ०४७–५२०४६२ | vwcc51@gmail.com |
| ११ | मानव तथा राष्ट्रिय विकास समाज (ह्याण्डस्) नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२०९६७ | dudhaulihands@gmail.com |
| १२ | सामुहिक सरोकार समाज, सिन्धुली | अध्यक्ष | ९८५४०४१४८५ | ccsindhuli@gmail.com |
| १३ | सिद्धेश्वर खानेपानी संस्था, सिन्धुली | अध्यक्ष | ०४७–५२०५७२ | |

### ३.६.२ विपद् पश्चातको सम्भावित परिदृष्यः

- व्यक्तिको मृत्यु हुने,
- घाइते हुनु चोटपटक लाग्ने,
- भौतिक संरचनाहरु भत्किएर च्यापिने वा पुरिने,
- सडक अबरुद्ध भई आकस्मिक स्वास्थ्य सेवाको अभाव,
- स्वास्थ्य संस्थामा उपलब्ध सेवाको अपर्याप्तता,
- खानेकुराको अभाव तथा असुरक्षा,
- सुत्केरी, बालबालिका तथा बृद्धबृद्धाका स्वास्थ्यमा असर,
- झाडापखाला, हैजा तथा महामारीको खतरा ।

### ३.६.३ समष्टिगत उद्देश्यः

विपद्पछिको अवस्थामा आकस्मिक उद्धारपश्चात् विभिन्न महामारी रोगको प्रकोप हुनसक्ने जोखिमलाई न्यूनिकरण गरी बालबालिकाको नियमित खोप सेवालाई निरन्तरता दिने, कुपोषण हुनबाट बचाउन पोषणको प्रबर्द्धन गर्ने तथा आकस्मिक

पोषण कार्यक्रम सञ्चालन गर्ने, गर्भवती, प्रसुति तथा सुत्केरी सम्बन्धी सेवाको सुनिश्चितता गर्ने एवम् अन्य स्वास्थ्य सेवालाई नियमित सञ्चालन गर्ने ।

### ३.६.४ विशिष्ट उद्देश्यः

**स्वास्थ्य**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्ने,
- अरू प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने,
- रोग फैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने,
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्ने र अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism) को विकास गर्ने,
- पर्याप्त आपतकालीन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने
- आपतकालीन अवस्थामा आधारभूत स्वास्थ्य सेवाको सहज वितरण गर्ने तथा आकस्मिक यातायात सेवा सूचारु गर्ने।

**पोषण**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme -SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने,
- गम्भीर कुपोषण (Severe Acute Malnutrition -SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने,
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने,
- भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित बालबालिकाहरूका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

### ३.६.५ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health surveillance) शुरु हुन्छ।
- समुदायको तहमा रोग तथा चोटपटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिरामीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral Centres) मा पठाई आपतकालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिस गरी पठाइने अन्य केन्द्रहरू (Referral Centres) मा पुग्नका निमित्त बिरामीहरूका लागि उपयुक्त यातायातको प्रबन्ध गरिनेछ ।

### ३.६.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.स. | पूर्वतयारी सम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्यविभाजन गर्ने र आपतकालीन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, स्वास्थ्य स्वयंसेवक | वैशाख |

| | | | | |
|---|---|---|---|---|
| २ | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (मिरा–MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | वैशाख |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, अ/गैसस, | वैशाख महिना |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी तह वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, अ/गैसस | जेठ पहिलो साता |
| ५ | आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin) लगायत अनुसुचीमा उल्लेखित औषधीहरू ७ दिनको लागि पुग्ने गरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेठ |
| ६ | आपतकालीन अवस्थाको लागि संकटासन्न गाउँ/नगरपालिकाको हरेक वडाहरुमा प्राथमिक उपचार बाकस (First Aid Kit) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेठ |
| ७ | हरेक संकटासन्न गाउँ/नगरपालिकामा पोषण सम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | वैशाख |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र जेष्ठनागरिकको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | जेठ |
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो तहबाट निकासा लिएर भण्डारणको लागि बन्दोबस्ती क्षेत्रलाई आग्रह गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेठ |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस, | वैशाख |
| ११ | करिब ३,००० थान झुलको बन्दोवस्त गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | जेठ दोस्रो साता |
| १२ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने र पाठ्यसामाग्री तयार गरी स्वयम्सेवक परिचालन गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस, | |
| १३ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने जिल्लाभित्र रहेका एम्बुलेन्सहरूको सम्पर्क नम्बरसहित सुची तयार पार्ने | कार्यदल | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस तथा अन्य सेवा प्रदायक संस्थाहरू | जेठको दोस्रो |
| १४ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठ मसान्त |
| १५ | Contact Tracing को संयन्त्र तयार गर्ने र अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठ मसान्त |
| १६ | आपतकालीन अवस्थामा औषधी तथा उपकरणहरु खरिद गर्न स्थानीय तहसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | असार मसान्त |
| १७ | प्रत्येक गाउँपालिका/नगरपालिकामा कम्तीमा ५० बेड भएको क्वारेन्टिन तथा १० बेड भएको आइसोलेसन तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य तथा स्थानीय तह | जेठ मसान्त |

| | | | | |
|---|---|---|---|---|
| १८ | कोभिड १९ को रोकथाम सम्बन्धी सन्देशहरु स्थानीय एफएम रेडियोबाट प्रसारण गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |
| १९ | सार्वजनिक स्थलहरुमा साबुनपानीले हात धुने प्रबन्ध मिलाउने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |
| २० | गुणस्तरीय मास्क, सेनिटाइजर, पञ्जा लगायत व्यक्तिगत सुरक्षाका सामाग्रीहरुको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |

### ३.६.७ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भई सूचना आदान प्रदान गर्ने, विपद् सम्पर्क व्यक्तिहरुले सर्वेक्षण, समन्वय, सूचना तथा पूर्वचेतावनी विषयगत क्षेत्रसँग निरन्तर सूचना र निर्देशनका लागि समन्वयमा रही रहने र प्रगति विवरणको जानकारी गराउने । | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस तथा संघसंस्थाहरु | |
| | विषयगत अगुवा संस्था तथा सहयोगी संस्थाहरुको बैठक गरी प्रकोपको जानकारी संकलनको लागि community Rapid Response Team (CRRT) को बैठक संचालन र आवश्यक श्रोत सहित परिचालन गर्ने | " | Epidemiology and Disease Control division (EDCD) | |
| | जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य प्रकोपको जानकारी प्राप्त भएपछि Rapid Response Team (RRT) को बैठक गर्ने | " | RRT सदस्य | |
| | विषयगत अगुवा संस्था तथा सहयोगी संस्थाहरुको बैठक गरी प्रकोपको जानकारी संकलनको लागि CRRT लाई निर्देशन दिने | " | EDCD | |
| | प्रकोपको रोकथाम, नियन्त्रणका लागि स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको बैठक गर्ने | " | क्षेत्र सदस्य | |
| | जिल्लाको विपद् प्रभावित क्षेत्रमा CRRT/RRT को परिचालन गर्ने | " | गाउँ/नगरपालिका, EDCD | |
| | घाइतेहरुको आपतकालिन व्यवस्थापन | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस | |
| | संचार माध्यम वाट सूचना सन्देश प्रशारण गर्ने | " | गाउँ/नगरपालिका र संचार गृह | |
| | प्रेषण गर्नुपर्ने Case हरुको लागि एम्बुलेन्स तथा अन्य यातायात साधनको व्यवस्था गर्ने | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र यातायात कम्पनीहरु | |
| | गर्भवती, सुत्केरी र वालवालिकाको लागि पोषणयुक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैसससँग समन्वय गरी उपलब्ध गराउने | " | जिसस, गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो दिन | प्रकोप प्रभावित क्षेत्रमा शीघ्र स्वास्थ्य सर्वेक्षण गर्ने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य, गाउँ/नगरपालिका, रेडक्रस र अ/गैसस | |
| | सम्बन्धित क्षेत्रमा स्वास्थ्य कार्यकर्ता खटाई स्वास्थ्य सेवा उपलब्ध गराउने | | जिसस, गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |
| | स्वास्थ्य कार्यकर्ताको टोलीलाई आवश्यक औषधीहरु आपूर्ति गर्ने | | | |
| | Contact Tracing को लागि समूह परिचालन गरी अति आवश्यकीय सूचनाहरु संकलन गर्ने | | | |
| | सुरक्षा निकायसँग समन्वय गरी प्रभावित परिवारलाई सुरक्षा दिने | | | |
| पहिलो हप्ता | अन्य विषयगत क्षेत्रसँग मिली बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) संचालन गर्ने, | क्षेत्र प्रमुख | क्षेत्र सदस्य | |
| | द्रुत लेखाजोखाको सूचनालाई विश्लेषण गर्न्ने | " | क्षेत्र सदस्य | |
| | प्रतिवेदन तयार गर्ने तथा वितरण गर्ने | " | क्षेत्र सदस्य | |
| | अनुगमनबाट प्राप्त नतिजालाई जिल्ला दैवी प्रकोप उद्धार समिति र अन्य क्षेत्रका सदस्यलाई जानकारी गराउने र आवश्यक परेमा तत्काल कार्य योजना बनाई कार्य गर्ने | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |
| | नगरपालीका र गा.वि.स स्तरमा मृतक शरिरको पहिचान गरी सम्बन्धित आफन्त मिलि शवको अन्त्येष्टी | " | क्षेत्र सदस्य, गाउँ/नगरपालिका | |
| | प्रभावित क्षेत्रमा गर्भवती/प्रसुती सेवा संचालन गर्ने (Minimum Issential Service Package) | " | " | |
| | प्रभावित परिवारलाई आधारभूत स्वास्थ्य सेवाको प्रवन्ध गर्ने | " | " | |
| पहिलो महिना | प्रभावित क्षेत्रमा अति जोखिमपूर्ण समूहको पहिचान गर्ने र पहिचान गरिएका अति जोखिम पूर्ण समूहलाई बिशेष निगरानी तथा स्वास्थ्य सेवा उपलब्ध गराउने । | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |
| | परिवार नियोजन, यौनरोग तथा एच.आई.भि.एड्स का वारेमा जनचेतना कार्यक्रम संचालन तथा अस्थायी साधन वितरण । | " | " | |
| | खोप (Immunization) सेवा कार्यक्रम संचालन गर्ने | " | " | |
| दोस्रो महिना | कुपोषणमा परेका वालवालिकाहरुको पहिचान | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |
| | प्रभावित क्षेत्रमा स्वास्थ्य शिक्षा कार्यक्रमहरु संचालन गरी चेतना अभिवृद्धि गर्ने | " | " | |
| | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, | " | " | |

| | | | | |
|---|---|---|---|---|
| | प्रभावित क्षेत्रका अस्थायी स्वास्थ्य शिविरमा शुद्ध खानेपानी, शौचालय, सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई क्षेत्रसँग समन्वय गरी उपलब्ध गराउने | " | " | |
| | नियमित अनुगमन गर्ने | " | " | |

### ३.६.८ निकायगत स्रोतको आंकलनः

| सि. नं. | कार्यालय/संघ/संस्थाको नाम | आपतकालीन अवस्थामा उपलब्ध हुने | | | | मानव संशाधन | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्रीको र राहत सामाग्रीको नाम | संख्या (परिमाण) | सामाग्रको अवस्था | सामाग्री रहेको स्थान | संख्या | सम्पर्क विवरण (मो. र फो.) | |
| १ | स्वास्थ्य कार्यालय, सिन्धुली | | | | | | | |
| २ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | स्ट्रेचर तथा एम्बुलेन्स सेवा | आवश्यक तानुसार | चालू | सिन्धुली | ३० जना | ०४७–५२०१२० | जिल्लाभरि |
| ३ | रिलिफ नेपाल, सिन्धुली | सेवा सञ्चालनका लागि अत्यावश्यक सामाग्री | आवश्यकताअनुसार | माग बमोजिम | सिन्धुली | १२ जना | ९८५११३४७३४ | जिल्लाभरि |
| ४ | सहकार्य नेपाल, सिन्धुली | सेवा सञ्चालनका लागि अत्यावश्यक सामाग्री | आवश्यकताअनुसार | माग बमोजिम | सिन्धुली | ७ जना | ९८५४०४११६३ | जिल्लाभरि |
| ५ | सामुहिक सरोकार समाज, सिन्धुली | हाइजिन किट सहयोग | १०० | चालू | सिन्धुली | ३ | ९८५४०४१४८५ | कार्यक्षेत्रभित्र |

## ३.७ विषयगत क्षेत्रः शिक्षा

**नेतृत्व गर्ने निकायः** जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिकाअन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ ।

### ३.७.१ क्षेत्रगत सदस्यहरूको सूचीः

| सि.नं. | क्षेत्रगत सदस्यहरुको नाम | पद | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइ, सिन्धुली | इकाइ प्रमुख | ०४७–५२०१७५, ०४७–५२०५७५ | deosindhuli047@gmail.com |
| २ | प्लान इन्टरनेशनल नेपाल, सिन्धुली | एरिया मेनेजर | ०४७–५२१०९२ | ram.shrestha@planinternational.org |
| ३ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | सभापति | ०४७–५२०१२० | nrcs.sindhuli68@gmail.com |
| ४ | सिड्स नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२००३६ | sidsnepal036@gmail.com |
| ५ | सहकार्य नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२०८६३ | sahakarya2061@gmail.com |
| ६ | सामुहिक सरोकार समाज, सिन्धुली | अध्यक्ष | ९८५४०४१४८५ | ccsindhuli@gmail.com |
| ७ | रिलिफ नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२०९१५ | reliefns@gmail.com |
| ८ | मानव तथा राष्ट्रिय विकास समाज (HANDS) नेपाल, सिन्धुली | अध्यक्ष | ०४७–५२०९६७ | dudhaulihands@gmail.com |

### ३.७.२ विपद् पश्चातको सम्भावित परिदृष्यः

- शिक्षक विद्यार्थीहरु हताहत तथा जनको क्षति,
- विद्यालयमा रहेका शैक्षिक सामाग्री नष्ट हुन सक्ने,
- विद्यालय भवन अस्थायी बास स्थानका रुपमा प्रयोग हुने,
- विद्यालय भवन कटान/डुबानमा पर्न सक्ने,
- अस्थायी शिविरहरुमा बालबालिकाहरु मानसिक, शारीरिक रुपले प्रताडित हुन सक्ने,
- विद्यार्थीको घर कटान/डुबानमा पर्दा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामाग्री नष्ट हुन सक्ने,
- बाढी पश्चात् झाडापखालाजस्ता महामारी हुनसक्ने ।

### ३.७.३ समष्टिगत उद्देश्यः

विपद् प्रभावित बालबालिकाहरु र आश्रय दिएर बसेका समुदायको बालबालिकाहरुको शिक्षा प्राप्त गरी सुरक्षित भविष्य निर्माण गर्ने अधिकार अस्थायी वा स्थायी आवास स्थलहरुमा अल्पकालीन वा दीर्घकालीन रुपमा अथवा औपचारिक वा अनौपचारिक रुपमा कक्षा संचालन गरी शिक्षा सेवालाई निरन्तरता दिने ।

### ३.७.४ विशिष्ट उद्देश्यः

- विपद्बाट हुने क्षति न्यूनिकरण गर्न अल्पीकरण तथा पूर्वतयारीमा ध्यान दिने,
- विपद् आउनसक्ने सम्भावित स्थानको पहिचान तथा सुरक्षित स्थानको पहिचान गरी क्षति न्यूनिकरण गर्न सहयोग गर्ने,
- विपद्लाई अल्पिकरण गर्न विभिन्न तरिका अपनाउन सहयोग गर्ने,

- विपद् पश्चात तत्काल तथ्यांङ्क संकलन गरी शिक्षा व्यवस्थापनमा सहयोग गर्ने,
- विपद्का क्रममा सुरक्षित भएर बस्न सिकाउने,
- विपद्मा सहयोग गर्ने समूह पहिचान गर्ने,
- विपद् पश्चातको शिक्षा व्यवस्थापनमा सबै सरोकारवालाको क्षमता संकलन गरी समयमै सबै सहयोगी संस्थाहरुको सहयोग एकद्वार प्रणालीमार्फत अगाडि वढाउने,
- विपद् व्यवस्थापनको क्षेत्रमा आवश्यक सवै क्रियाकलाप नियमानुसार गर्न र समग्र शिक्षा समूहको समन्वयात्मक व्यवस्थापन गर्ने ।

### ३.७.५ पूर्वतयारी कार्ययोजनाः

| क्र. सं. | पूर्वतयारी सम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठक गरी विभिन्न क्षेत्रको विश्लेषण गरी आपतकालीन शैक्षिक कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | शैक्षिक सत्रको शुरुमा |
| २ | जोखिमपूर्ण क्षेत्रका विद्यालय तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क संकलन र विश्लेषण गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, क्षेत्रका सदस्य | जेठ मसान्त |
| ३ | मिरा (MIRA) अभिमुखिकरण कार्यमा सहभागी हुने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य | जिविव्यसले आह्वान गरेपछि |
| ४ | सुरक्षित स्थानको लागि | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस, आवास तथा गैरखाद्य क्षेत्र | आवश्यकता अनुसार |
| | त्रिपालको व्यवस्थापन (२०० थान १२×१८) | | | |
| | चकटी २००० थान वा म्याट्रेक्स र कार्पेटको व्यवस्था गर्ने | | | |
| | शैक्षिक सामाग्री वितरण (३ देखि ५ वर्ष उमेर समूहका लागि) | | | |
| | गतवर्ष तालिम दिएका स.का./ सुपरभाइजरहरूको तथ्याङ्क संकलन गरी परिचालन गर्ने | | | |
| ५ | सिकाई केन्द्र ( Learning Center) का लागि निम्न सामाग्रीको बन्दोबस्त गर्ने | शैक्षिक कार्यदल | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, शिक्षा विभाग | जेठभित्र |
| | त्रिपाल २०० थान | | | |
| | शिक्षकको रोष्टर तयार गर्ने | | | |
| | विद्यालय किट १०० थान | | | |
| | विद्यार्थी कीट २००० थान (पोशाक र स्टेशनरी ) | | | |
| | पाठ्य पुस्तक १ देखि ५ कक्षा | | | |
| ६ | कक्षा ६ देखि १० सम्मको लागि पाठ्यपुस्तक तथा विद्यार्थी किट (१००० थान) | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | |
| ७ | अनौपचारिक शिक्षा (८ देखि १४ वर्ष उमेर समूहका विद्यालय नगएका वालवालिकाहरूका | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | आवश्यकता अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | लागि) १५ वटा कक्षा सञ्चालनको लागि तयारी गर्ने | | | |
| ८ | अनुगमनको लागि अनुगमन कार्यदल निर्माण गर्ने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य तथा गाउँ/नगरपालिका, शिविसइ | आवश्यकता अनुसार |
| ९ | विपद् प्रभावित विद्यालयहरूलाई विद्यालय किटको (School kit) व्यवस्थापन गर्ने (५० थान) | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | आवश्यकता अनुसार |
| १० | जोखिममा परेका विद्यालयहरूलाई जोखिम अल्पिकरण (Mitigation) कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, क्षेत्रका सदस्य | अनुगमनको रिपोर्ट प्राप्त भएपछि |
| ११ | विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, तथा विद्यालय विपद् व्यवस्थापन समितिलाई विपद्सम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | नियमित कार्यक्रम अन्तर्गत राख्ने |

**३.७.६ विपद् प्रतिकार्य कार्ययोजनाः**

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक मा सहभागि भई जानकारी लिने दिने | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य | |
| | क्षेत्र बैठक र सम्पर्क व्यक्तिहरुलाई सुचना संकलनका लागि निर्देशन दिने | " | क्षेत्रगत सदस्य | |
| | शिक्षक, बिद्यार्थी र कर्मचारी, भौतिक अवस्थाहरुको यथार्थ जानकारी/सूचना समयमै जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने | " | क्षेत्रगत सदस्य | |
| | घाइते भएका विद्यार्थीहरु र शिक्षकहरु (विद्यालय समयमा विपद् भएको अवस्थामा) सम्बन्धमा तत्काल घटनास्थलमै प्राथमिक उपचारको व्यवस्था मिलाउने र सिकिस्त घाइतेलाई अस्पताल पठाउने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, विद्यालय, जुरेस, शिअसं | |
| दोस्रो दिन | स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने) बिषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार पार्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | क्षेत्रगत सदस्य | |
| पहिलो हप्ता | MIRA तथ्यांक विश्लेषण र सम्वन्धित निकायहरुलाई जानकारी गराई सम्भावित श्रोत (सहयोग) आंकलन गर्ने | " | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस | |
| | विस्तृत शिक्षा सर्भेक्षण र प्रतिवेदन तयारी गर्ने | " | " | |
| | बिद्यालय सुचारु गर्नका लागि तत्कालका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराउने | " | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक | |

| | | | | |
|---|---|---|---|---|
| | | | महासंघ, अ/गैसस, शिक्षा विभाग | |
| पहिलो महिना | प्राप्त तथ्यांक प्रतिवेदनबाट औल्याएका समस्याहरुको आधारमा सहयोग प्रदान गर्ने जस्तैः मनोविमर्श सहयोग, School Kit Box तथा Temporary Learning Center (TLC) निर्माण | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, | रु. ६४ लाख |
| | आपतकालीन आवास तथा गैरखाद्य क्षेत्रसँग समन्वय गरी अस्थायी पठनपाठन ECED, Basic Education, Adult Education, Adolescent Education) का लागि सुरक्षित स्थान निर्धारण गर्ने | " | " | |
| | विद्यालय पूनः संचालन गर्ने र सबै विद्यार्थीलाई विद्यालयमा पुनः ल्याउने वातावरण तयार गरी उनीहरूको दैनिक जीवनलाई सामान्य बनाउन सहयोग गर्ने | " | " | |
| दोस्रो महिना | पहिलाको जस्तै नियमित अवस्थामा आउनका लागि नियमित रुपमा प्रतिकार्यका कार्यहरु तथा अवस्था विश्लेषण गरी थप कार्यहरु सञ्चालन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, | |
| | शिक्षा क्षेत्रमा कार्यरत संघ संस्था र कार्यालयहरुले भईरहेका कार्यहरुको अनुगमन गर्ने | " | " | |
| | विपद् जोखिम न्यूनिकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार संयन्त्रको कार्यान्वयन गर्ने | " | " | |

### ३.८ विषयगत क्षेत्रः संरक्षण

**नेतृत्व गर्ने निकायः** जिल्ला प्रशासन कार्यालय, सिन्धुली

### ३.८.१ क्षेत्रगत सदस्यहरूको सूचीः

| सि. नं. | साझेदार संस्थाको नाम | सम्पर्क व्यक्ति | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, सिन्धुली | ऋद्धी प्रकाश सिटौला | सहायक प्रमुख जिल्ला अधिकारी | ९८४१३७३३७७ | sitaulars@gmail.com |
| २. | जिल्ला प्रहरी कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, सिन्धुली | निरु दुलाल | प्रहरी निरीक्षक, सेवा केन्द्र प्रमुख | ०४७–५२०१९९ | dposindhuli@gmail.com |
| ३. | संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) | सञ्जय शर्मा<br>प्रेम खड्का | कार्यक्रम विज्ञ<br>GBV Expert | ९८०१२४७८५६<br>९८०२०४१४०० | sasharma@unfpa.org<br>pkhadka@unfpa.org |
| ४ | प्लान इन्टरनेशलन नेपाल, सिन्धुली | कमला लामा | कार्यक्रम संयोजक | ९८०१२४१०५४ | Kamala.lama@plan-international.org |
| ५ | वर्ल्डभिजन इन्टरनेशनल, नेपाल | अन्जु भटराई | संरक्षण संयोजक | ९८४५३२७९८२ | anju_bhattarai@wvi.org |
| ६ | रिलिफ नेपाल, सिन्धुली | दुर्गाराज पौडेल<br>लोकहरि आचार्य | अध्यक्ष<br>बाल संरक्षण फोकल पर्सन | ९८५११३४७३४<br>९८५१२३८५३१ | reliefns@gmail.com<br>lhsindhuli@gmail.com |
| ७ | महिला पूनःस्थापना केन्द्र (ओरेक) | सपना थापा | जिल्ला संयोजक | ९८४७८२११९२ | sapana@worecnepal.org |
| ९ | जनजाती समाज विकास कार्यक्रम (JSDP), सिन्धुली | सुष्पा भुजेल | उपाध्यक्ष | ९८५४०४२०४२<br>०४७–५२१२९३ | jsdpsindhuli@gmail.com |
| १०. | सामूहिक सरोकर समाज (CCS), सिन्धुली | नबराज पहाडी | अध्यक्ष | ९८५४०४१४८५ | ccsinhuli@gmail.com |
| ११. | सिन्धुली एकिकृत विकास सेवा (सिड्स नेपाल), सिन्धुली | दीपक कुमार घिमीरे<br>गोपाल कुमार पौडेल | अध्यक्ष<br>कोषाध्यक्ष | ९८५४०४१२०६<br>९८४१६७६५०० | sidsnepal@yahoo.com |
| १२. | सामुदायिक विकास कार्यक्रम (CDPs), सिन्धुली | रामधन माझी | अध्यक्ष | ९८४४०८२४६८ | Ramadhan.majhi@gmail.com |
| १३. | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | अशोक श्रेष्ठ | सभापति | ०४७–५२०१२०<br>९८४४०४०२१४ | nrcs.sindhuli68@gmail.com |
| १४. | मानव विकास तथा वातावरण संरक्षण केन्द्र (हुडेक), सिन्धुली | कृष्णहरि घिमिरे | अध्यक्ष | ९८५४०४१००८ | khgsindhuli@gmail.com |
| १५. | जिल्ला कानूनी सहायता समिति, सिन्धुली | प्रविण हायू | अधिवक्ता | ९८४४१९७९९९ | |
| १६. | सामुदायिक सेवा केन्द्र, सिन्धुली | रामबहादुर हायू | अध्यक्ष | ९८४४१३९५५५ | |

### ३.८.२ विपद् पश्चातको सम्भावित परिदृष्यः

- प्रभावितहरुमा पारिवारिक बिछोड तथा बालबालिकाहरुमा अभिभावक विहीनता,
- मानसिक तनाव, मनोवैज्ञानिक असर,

- बालअधिकार तथा श्रम शोषणको अवस्थामा वृद्धि,
- शारीरिक तथा लैंगिक हिंसामा वृद्धि,
- मानव वेचविखन तथा ओसारपसारको जोखिममा वृद्धि,
- घाइते, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपांङ्गता भएका व्यक्ति, दीर्घ रोगीहरु तथा ज्येष्ठ नागरिकहरुको अवस्था झन् जटिल हुने,
- विद्यालय बन्द, शैक्षिक अवसरहरुमा अवरोध,
- बालबालिका तथा महिलाहरुको बढ्दो अनुचित प्रयोग, श्रम तथा यौन शोषण,
- सामना गर्ने संयन्त्रमा अवरोध,
- भेदभाव तथा लान्छानाको अवस्थामा वृद्धि,
- शान्ति सुरक्षाको अभाव तथा असुरक्षित वातावरण,
- सुरक्षित सुत्केरी हुने तथा स्वास्थ्य उपचार गर्ने ठाउँको अभाव,
- किशोरी तथा महिलाको प्रजनन् स्वास्थ्यमा नकारात्मक असर,
- मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

### ३.८.३ समष्टिगत उद्देश्यः

संरक्षणको जोखिममा रहेका समूहहरुले आपतकालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा लान्छनाबाट संरक्षण प्राप्त गर्ने ।

### ३.८.४ विशिष्ट उद्देश्यः

नेपालका प्राकृतिक विपद् तथा अन्य आपतकालिन परिस्थितिहरुमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरुमा जोखिममा रहेका समूहहरुका लागि मानव अधिकार सम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभुत गरेका (Guaranteed) मौलिक अधिकारहरुको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित हुने,

जोखिममा रहेका समूहहरुको संरक्षण सुनिश्चित गरी आपतकालिन सहयोगको न्यायोचित वितरण प्रणाली स्थापित गर्ने,

आपतकालिन परिस्थतिबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा लान्छनाका जोखिमहरुलाई सम्बोधन गरी विपद्बाट प्रभावित व्यक्तिहरुको संरक्षण गर्ने र त्यस्ता दुव्र्यवहारबाट प्रभावित व्यक्तिहरुका लागि सेवा तथा संरक्षण प्रदान गर्ने,

बालमैत्री, किशोरकिशोरीमैत्री, महिलामैत्री, अपाङ्गतामैत्री तथा ज्येष्ठ नागरिकलगायत अन्य संरक्षण आवश्यक व्यक्तिहरुलाई सुरक्षित आवास, सुरक्षित सुत्केरी गृह तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोग पु¥याउने,

विछोड भएका बालबालिका तथा किशोरकिशोरीहरुको पहिचान, दर्ता तथा स्वास्थ्य  सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी तथा पूनर्मिलन गर्ने कार्य सुनिश्चित गर्ने,

यौन दुव्र्यवहार तथा हिंसा विरुद्धका घट्नाको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरि बालबालिका तथा महिलाहरुको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

### ३.८.५ मानवीय सहयोगको न्यूनतम मापदण्डः

- प्रभावित जनसमुदायको अधिकारको उल्लङ्घन, दुव्र्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने र स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने,
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरीब तथा पछाडि पारिएका समूहले मानवीय सहयोग तथा आधारभूूत सेवा सुविधामा समान पहँुच र सहयोग पाए नपाएको अनुगमन गर्ने,
- साझेदारहरूबीच अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने,

- बालमैत्री तथा महिलामैत्री स्थलको स्थापना गर्ने,
- शिक्षा, स्वास्थ्य तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकिकरण गर्ने,
- संरक्षण गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने,
- विछोडिएका तथा परिवार साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षभन्दा कम उमेरका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने,
- परिवारबाट बिछडिएका तथा साथ नभएका बालबालिका, महिला, किशोरकिशोरी र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, बृद्ध, अपांगता भएका तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने,
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- लैङ्गिक हिंसामा परेका महिला, बालबालिका तथा लैङ्गिक अल्पसंख्यकहरुलाई सेवा, सुरक्षा, संरक्षण प्रदान गरी सम्बन्धित सेवा केन्द्रसम्म पुरयाउने निकायको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने ।

**३.८.६ पूर्वतयारी कार्ययोजनाः**

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधिक गर्ने | क्षेत्रगत प्रमुख | रिलिफ नेपाल, SIDS | वैशाख मसान्त |
| २ | सामुदायिक मनोसामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको रेकर्ड तथा सूचना अध्यावधिक गर्ने | क्षेत्रगत प्रमुख | सिन्धुली अस्पताल, OCMC, UNFPA & CMC-Nepal | वैशाख मसान्त |
| ३ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरू (राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी, सेना लगायत) लाई तालिम | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | रिलिफ नेपाल र साझेदार संस्थाहरु | आवश्यकताअनुसार |
| ४ | GBVMIS अध्यावधिक गर्ने | क्षेत्रगत प्रमुख | UNFPA | जेष्ठ पहिलो हप्ता |
| ५ | लेखाजोखा गर्ने जिम्मेवारी बाँडफाँड र संरक्षण सम्वन्धी आधाररेखा तयार गर्ने | क्षेत्रगत प्रमुख | सबै साझेदार निकायहरु | जेष्ठ पहिलो हप्ता |
| ६ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय | क्षेत्रगत प्रमुख | स्थानीय तह, स्वास्थ्य कार्यालय, विभिन्न साझेदार निकायहरु | नियमित |
| ७ | प्रभावितका लागि सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन | क्षेत्रगत प्रमुख | स्थानीय तह, रिलिफ नेपाल र सामूहिक सरोकार समाज र रेष्टलेस डेभ्लपमेन्ट नेपाल, विभिन्न साझेदार निकायहरु | आषाढ पहिलो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| ८ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | स्थानीय तह, रिलिफ नेपाल, CDPS, SIDS Nepal | आषाढ पहिलो हप्ता |
| ९ | विभिन्न सूचना सामाग्रीहरु प्रकाशन/ अध्यावधिक गरी परिमार्जन गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | साविका/विभिन्न साझेदार निकायहरु | बैषाखभित्र |
| १० | सरोकारवाला एवं सुरक्षाकर्मीहरू करिब १५० जनालाई आचारसंहितासहित संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | सामूहिक सरोकार समाज सिन्धुली/रेष्टलेस डेभ्लपमेन्ट नेपाल | आषाढ मसान्त |
| ११ | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | विभिन्न साझेदार निकायहरु | आषाढ पहिलो हप्ता |
| १२ | सिफारिस संयन्त्र स्थापनामा समन्वयः पुनःस्थापना केन्द्र, कानूनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्वतयारी गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | OCMC, कानूनी सहायता समिति, UNFPA | निरन्तर |
| १३ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा जोखिममा पर्नसक्ने समूहलाई सचेतना अभिवृद्धि गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | ज्येष्ठ नागरिक, अपाङ्गता कल्याण सघं, सवै सरोकार वालाहरु | आ.अ |
| १४ | लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई सेवा प्रदान गर्न सुरक्षित आवास गृह र OCMC को व्यवस्थापन गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | अस्पताल, स्थानीय तह, UNFPA, CMC-Nepal | निरन्तर |
| १५ | विपद्को अवस्थामा बालबालिकाको मनोवल उच्च राख्न गरिने गतिविधिको अभ्यास | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | रिलिफ नेपाल | निरन्तर |
| १६ | बाल संरक्षण प्रणालीको नक्सांकन | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | साविका/वर्ल्डभिजन | निरन्तर |

### ३.८.७ विपद् प्रतिकार्य कार्ययोजना

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भई जानकारी लिने दिने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| | सम्पर्क व्यक्तिहरुलाई सुचना संकलनका लागि निर्देशन दिने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| | बन्दोबस्ती व्यवस्थापन गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| दोस्रो दिन | अन्य विषयगत क्षेत्रहरुसँग समन्वय गरी बहुक्षेत्रीय लेखाजोखा संचालन गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य तथा साझेदार निकायहरु | |
| | संरक्षणको लेखाजोखा | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य तथा साझेदार निकायहरु | |

| | | | | |
|---|---|---|---|---|
| पहिलो हप्ता | मिरा, MISP, GBVMIS बाट प्राप्त जानकारीको विश्लेषण गरी प्रारम्भिक मानवीय सहयोगको योजनासहित अवस्थाको प्रतिवेदन तयार पार्ने | क्षेत्रगत प्रमुख र अनुगमन तथा मुल्यङ्कन समिति | जिविव्यसले तोकेका सदस्यहरु/ अन्य क्षेत्रगत समितिका सदस्यहरु | |
| | तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला बालबालिका, गर्भवती तथा सुत्केरी महिला, किशोरकिशोरी, अपांगता भएका व्यक्तिहरु, वृद्धवृद्धाहरुको पहुँच भए नभएको सुनिश्चित गर्ने | क्षेत्रगत सदस्यहरु | साझेदार निकायहरु | |
| | मानवीय सहयोगको आवश्यक्ता देखिएका प्रभावित समुदायमा सेवा उपलब्धताको लागि पैरवी गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य/साझेदार निकायहरु | |
| | स्रोतहरुको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समक्षा गर्ने | क्षेत्रगत प्रमुख | रेडक्रस /साझेदार निकायहरु | |
| | संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगका लागि गरिएका प्रतिवद्धताको कार्यान्वयन गर्न समन्वय गर्ने गराउने | क्षेत्रगत प्रमुख | रेडक्रस /क्षेत्रगत सदस्य | |
| | मानवीय सहयोगको प्रर्याप्तताको समिक्षा, अनुगमन र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउने | क्षेत्रगत प्रमुख र अनुगमन तथा मुल्यङ्कन समिति | क्षेत्रगत सदस्य/साझेदार निकायहरु | |
| पहिलो महिना | जोखिममा रहेका समूहहरुलाई पहिलो १५ दिन भित्र तत्कालीन मानवीय सहयोग उपलब्ध गराउने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्यहरु/ रेडक्रस/ साझेदार निकायहरु | |
| | सुत्केरी र ६ महिना सम्मका बच्चाका आमाहरुका लागि आवश्यक सामाग्रीहरु वितरण गर्ने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | स्थानिय तह र साझेदार निकायहरु | |
| | परिवारबाट विछोडिएका बालबालिकाहरुको खोजी तथा बाल पुनःस्थापना र पुनःएकिकरणको व्यवस्था मिलाउने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | Plan International/ WVINepal/रिलिफ नेपाल | |
| | लैंगिंकतामा आधारित हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई आवश्यक सेवा तथा सहयोगको व्यवस्था मिलाउने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | UNFPA, OCMC, सुरक्षित आवास, साझेदार निकायहरु | |
| | पीडित महिला तथा बालबालिकाहरुलाई सुरक्षित आवास एवं मनोसामाजिक परामर्श उपलब्ध गराउने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | UNFPA, OCMC र रेडक्रस | |
| | संरक्षणको आवश्यकता भएका वृद्धवृद्धा, अपांगता भएका व्यक्तिहरुलाई पूनःस्थापना गृहमा राख्ने व्यवस्था मिलाउने | | | |
| | OCMC र सुरक्षित आवासः लैङ्गिक हिंसाका घटनाको व्यवस्थापन, मनोपरामर्श, स्वास्थ्य तथा कानुनी सेवासम्म पहुँच बढाउने र आवश्यकता अनुसार सुरक्षित आवासको थप व्यवस्था गर्ने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | UNFPA, सिन्धुली अस्पताल, OCMC, सुरक्षित आवास | |
| | सामुदायिक मनोसामाजिक कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी समुदायस्तरमा लैङ्गिक तथा घरेलु हिंसाको रोकथाम, निगरानी, आधारभूत | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | स्थानीय तह, UNFPA, CMC-Nepal, साझेदार निकायहरु | |

| | | | | |
|---|---|---|---|---|
| | मनोपरामर्श र हिंसा प्रभावितलाई सेवा केन्द्रसम्म प्रेषण गर्ने | | | |
| दोस्रो महिना | संरक्षण क्षेत्रगत सदस्यसँग समीक्षात्मक बैठक गर्ने, | क्षेत्रगत प्रमुख | सबै क्षेत्रगत सदस्यहरु | |
| | जिल्ला स्तरिय संरक्षण विषयगत क्षेत्र समन्वय समितिसँग बैठक गर्ने, | क्षेत्रगत प्रमुख | रिलिफ नेपाल, अन्य साझेदार निकायहरु | |
| | सूचक निर्धारण गरी तथ्यमा आधारित प्रभावकारी अनुगमन गर्ने, | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | अनुगमा तथा मुल्यङ्गन समिति | |
| | अन्य क्षेत्रहरुसँग समन्वय गरी विस्तृत लेखाजोखा तथा समीक्षा गर्ने, | क्षेत्र प्रमुख | विभिन्न क्षेत्रगत सदस्यर साझेदार निकायहरु | |
| | विस्तृत लेखाजोखाबाट प्राप्त तथ्यांकको विश्लेषण र प्रतिवेदन तयारी, | तोकिएको सदस्य | विभिन्न क्षेत्रगत सदस्यर साझेदार निकायहरु | |
| | पुनस्थापनाका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने । | क्षेत्र प्रमुख | विभिन्न क्षेत्रगत सदस्यर साझेदार निकायहरु | |
| | OCMC व्यवस्थापन समन्वय समितिसँग बैठक गर्ने | क्षेत्र प्रमुख | सिन्धुली अस्पताल, UNFPA | |
| | लैङ्गिक हिंसा जिल्ला सल्लाहकार समितिसँग बैठक गर्ने | जि.स.स. | UNFPA/साझेदार निकायहरु | |

### ३.८.८ निकायगत स्रोत साधनको आंकलनः

| सि. नं. | कार्यालय/संघ/संस्था को नाम | आपतकालीन अवस्थामा उपलब्ध हुने | | | | जनशक्ति व्यवस्थापन | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामग्री/सेवा/ राहत सामग्रीको नाम | संख्या (परिमाण) | सामाग्रीको अवस्था | सामाग्री/सेवा रहेका स्थान | संख्या | सम्पर्क विवरण (मो. र फो.) | |
| १. | UNFPA | मनोसामाजिक परामर्श सेवा | आवश्यकता अनुसार | | सिन्धुलीमाडी | ४ जना | ०४७–५२१३४४, ९८४०७१०८३७ | जिल्लाभरि वा कार्यक्षेत्रभित्र |
| | | लैङ्गिक हिंसाको घटना व्यवस्थापन, सुरक्षित आवास सेवा | " | | | | | सुनकोशी, दुधौली, कमलामाई |
| | | सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन | " | | | ३१ | अनुसुचिमा संलग्न | " |
| | | Dignity & Kishori Kit | २०० | | काठमाडौं | | ९८०२०४१४०० | जिल्लाभरि |
| २. | रिलिफ नेपाल, सिन्धुली | जोखिमपुर्ण अवस्थाका बालबालिकाको उद्दार, राहत र पूनःस्थापना गर्न र घटना व्यवस्थापनमार्फत पहिचान भएको समस्या समाधान सहयोग कोष | कुल रकम १ लाखवाट आवश्यकता अनुसार | चालू | बालबालिका मुस्कान कोष रिलिफ नेपाल सिन्धुली | | ९८५११३४७३४, ९८५१२३८५३१, ९८५४०४१४४२ | जिल्लाभरि |
| | | बालबालिकाले घरमै वसी अध्ययन गर्न सक्ने बैकल्पिक पाठ्यक्रम सम्बन्धमा अभिभावक र बालबालिकालाई बालमैत्री शिक्षण परामर्श सेवा | आवश्यकता अनुसार | | रिलिफ नेपाल | | ९८५११३४७३४, | आवश्यकता अनुसार जिल्लाभरि |
| | | बैकल्पिक शिक्षा (दुरी कायम गरी) सञ्चालनका लागि दक्ष शिक्षक | १० वटा समुदाय | | रिलिफ नेपाल र हुडेक सिन्धुली | | | दुधौली नपा १, २, ३ र कमलामाई नपा १३ र १४ |
| | | पीडित बालबालिकाको संरक्षणको लागि प्राविधिक सहयोग | | | रिलिफ नेपाल सिन्धुली | ५ जना | ९८५११३४७३४, | जिल्लाभरि |
| ३. | ओरेक, सिन्धुली | मनोसामाजिक विमर्शकर्ता | | | | ३ | ९८४७८७६२२८, ९८४११६१०१३, ९८४२०४८१७५ | जिल्लाभरि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | जनजाति समाज विकास कार्यक्रम (JSDP), सिन्धुली | मनोसामाजिक विमर्शकर्ता | | | | ३२ | ०४७–५२१२९३<br>९८५४०४२०४२ | कार्यक्षेत्रभित्र |
| ५. | सामूहिक सरोकार समाज, सिन्धुली | मनोसामाजिक विमर्शकर्ता | आवश्यकता अनुसार | | | ५ | ९८५४०४१४८५ | कार्यक्षेत्रभित्र |
| | | बालमैत्री कक्षा सञ्चालन सहयोग | | | | ३ | ९८५४०४१४८५ | कार्यक्षेत्रभित्र |
| ६. | SIDS/Nepal, Sindhuli | सवारी साधन | १ | चालू | सिन्धुली | | ९८४१६७६५५० | जिल्लाभरि |
| | | मनोसामाजिक विमर्शकर्ता | | | | १५ | | " |
| | | विपद् सम्बन्धी सुचनाहरु | १५०० | चालू | | | | " |
| ७. | कानूनी सहायता समिति, सिन्धुली | कानूनी सहयोग | आवश्यकता अनुसार | | सिन्धुली | ३ | ९८४४१९७९९९ | जिल्लाभरि |
| ८. | वर्ल्डभिजन इन्टरनेशनल नेपाल/सामुदायिक विकास कार्यक्रम, सिन्धुली | आपतकालीन बालहित कोष | | | स्थानीय तह | | ९८४४०८२४६८ | कार्यक्षेत्रभित्र |
| | | बालसरक्षणका लागि घटना ब्वयस्थापन सेवा | आवश्यकता अनुसार | | " | १६ जना | ९८४४०८२४६८ | " |
| | | रुपान्तरण साथी शिक्षक | | | " | ३६ जना | | " |
| | | बालमैत्री स्थान तथा कक्ष निर्माण निर्माणका लागि आवश्यक सामाग्री सहयोग | स्थानीय तह ६ लाख बरावरको सामाग्री | चालू | " | | | " |

## ३.९ विषयगत क्षेत्रः पूनःनिर्माण

**क्षेत्रगत नेतृत्व गर्ने निकायः** जिल्ला समन्वय समिति, सिन्धुली

### ३.९.१ विषयगत क्षेत्रको सदस्यहरुको विवरणः

| क्र. सं. | क्षेत्रगत साझेदारहरुको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति, सिन्धली | समन्वय अधिकारी | ०४७–५२०१४९ | sindhuliddc@gmail.com |
| २ | शहरी विकास तथा भवन कार्यालय, सिन्धली | डिभिजन प्रमुख | ०४७–५२११३९ | dudbcsindhuli@gmail.com |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइ, सिन्धली | इकाइ प्रमुख | ०४७–५२०१७५ | deosindhuli047@gmail.com |
| ४ | जिल्ला वन कार्यालय, सिन्धली | जिल्ला वन अधिकृत | ०४७–५२०१३५ | |
| ५ | स्वास्थ्य कार्यालय, सिन्धुली | प्रमुख | ०४७–५२०१४५ | dhosindhuli@gmai.com |
| ६ | मालपोत कार्यालय, सिन्धुली | कार्यालय प्रमुख | ०४७–५२०१२५ | |
| ७ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | सभापति | ०४७–५२०१२०<br>९८४४०४०२१४ | nrcs.sindhuli68@gmail.com |
| ८ | राष्ट्रिय बाणिज्य बैंक, सिन्धुली | शाखा प्रवन्धक | ०४७ –५२०१५५ | sindhuli@rbb.com.np |

### ३.९.२ विपद् पश्चातको सम्भावित परिदृष्यः

- ३०० (सबै पूर्वाधारहरु सानो ठूलो क्षति)
- ३४,००० घरधुरी प्रभावित,

### ३.९.३ समष्टिगत उद्देश्यः

क्षतिग्रस्त संरचना तथा सेवाहरु मर्मतसम्भार तथा पूननिर्माण गरी प्रभावित परिवारको दैनिकी पूर्ववत् अवस्थामा लैजाने तथा पूनःस्थापित संरचना तथा सेवाहरुको क्षमतामा वृद्धि गर्ने ।

### ३.९.४ विषयगत उद्देश्य

- क्षतिग्रस्त भौतिक पूर्वाधारका संरचनाहरु मर्मत संभार गर्ने,
- अवरुद्ध सेवा तत्कालका लागि बहाल गर्ने,
- पूनःस्थापना तथा पूनर्निर्माणका क्रियाकलाप सम्पादन गर्न पहु'च सुधार गर्ने,
- प्रभावित समुदाय तथा व्यक्तिहरुको दीर्घकालीन पुनःस्थापना गर्ने ।

### ३.९.५ न्यूनतम मापदण्ड

पूनःनिर्माणको मापदण्ड सरकारले बेला बेलामा तोकेबमोजिम हुनेछ ।

### ३.९.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य | बैसाख मसान्तभित्र |
| २ | क्षेत्रगत योजना निर्माण तथा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, | जेठ १५ सम्म |

| | | | | |
|---|---|---|---|---|
| ३ | विद्यमान भौतिक संरचनाहरुको अवस्था विश्लेषण | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, | बैसाख मसान्त |
| ४ | भवन निर्माण सम्बन्धी २०० जनालाई मिस्त्री तालिम | क्षेत्र प्रमुख | जिविव्यस, दातृ तह, अ/गैसस | बैसाख मसान्त |
| ५ | भवन आचारसंहिता सम्बन्धी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, दातृ तह, अ/गैसस | बैसाख मसान्त |

### ३.९.७ विपद् प्रतिकार्य योजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | आवश्यक सुचना संकलन गर्ने तथा सम्पर्क व्यक्तिहरुलाई सूचना संकलनका लागि निर्देशन दिने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य | |
| | जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी भई आवश्यक सूचनाहरुको आदान प्रदान | " | क्षेत्र सदस्य | |
| | अति आवश्यक सेवा प्रदायक निकाय र संरचनाको न्यूनतम पुनस्थापना गर्ने | " | क्षेत्र सदस्य, सेवा प्रदायक संस्था | |
| | भिड व्यवस्थापन गरी स्थान खाली गर्ने प्रभावितहरुलाई नजिकको क्याम्पहरुमा पठाउने | " | नेपाल प्रहरी, सप्रब, नेपाल सेना | |
| दोस्रो दिन | प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखिकरण तथा प्रभावित स्थानमा परिचालन । | क्षेत्र प्रमुख | क्षेत्र सदस्य | |
| | स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने) र समन्वय, स्रोत पहिचान र पुनः निर्माणको कार्ययोजना वनाउने | " | क्षेत्र सदस्य | |
| | सहज पहुँचका लागि अस्थायी रुपमा पुल, सडक तथा गोरेटो वाटो निर्माण गर्ने | " | जिविव्यस, जिसस, ठूला उपकरण समिति, स्थानीय निकाय | |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युतीय सेवा उपलब्ध गराउने | " | क्षेत्र सदस्य, सम्बन्धित क्षेत्र, सेवा प्रदायक संस्था | |
| पहिलो हप्ता | विस्तृत सर्वेक्षण पश्चात प्रभावितहरुको तथ्याङ्क विश्लेषण गर्ने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य, तोकिएको व्यक्ति | |
| | बिषयगत बैठक र घटनाको विवरण संकलन गर्ने कार्य निरन्तर गर्ने (कार्य क्षेत्र पहिचान गरी कार्य गर्ने ) | " | क्षेत्र सदस्य, रेडक्रस, अ/गैसस | |
| | मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्यसेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने । कटान, डुवान र पटानको विस्तृत सर्वेक्षण गर्ने, | " | जिविव्यस, अन्य क्षेत्र समूह, रेडक्रस, अ/गैसस | |
| | आवासको लागी सामुदायिक वनहरुबाट सहुलियत वा निशुल्क काठहरु उपलब्ध गराउने | " | जिविव्यस,जिबका, गाउँ/नगरपालिका, सावउस, | |
| | सार्वजनिक सेवाहरु सुचारु गर्ने | " | सेवा प्रदायक संस्थाहरु | |

| | | | | |
|---|---|---|---|---|
| पहिलो महिना | अस्थायी शिविरको स्थापना गर्ने र विस्थापितलाई व्यवस्थित बनाउन सुरक्षित र खुला ठाउँमा लैजाने प्रबन्ध मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, जिसस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | क्षति भएका पूर्वाधारहरुको विस्तृत विवरण तयार गर्ने | " | " | |
